पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : १७ | २०७० मंसिर ७ गते शुक्रबार (Nov. 22, 2013) | मूल्य रू. १०/-

## सुन्नै पर्छ वैद्यको प्रलाप



काठमाडौं । मंसिर ४ गतेको चुनाव सम्पन्न हुनासाथ ३३ दलको गोप्य वैठक बस्यो र वैद्यले वक्तव्य जारी गरे - सम्पूर्ण बन्दका कार्यक्रम फिर्ता लियौं । साथै वैद्यले बाध्य भएर प्रलाप गरे- वार्ता र सहमतिबाट संविधान निर्माण गर्नुपर्छ । हामी वार्ता र सहमतिकै पक्षमा छौं ।

वैद्यको वहिष्कार र आतंकलाई जनताले वहिष्कार गरिदिए । इतिहासमै पहिलोपल्ट सबैभन्दा बढी प्रतिशत मतदान गरिदिए । जनता शान्ति, स्थिरता, विकास र संविधानको पक्षमा छन् भन्ने सन्देश दिएर जनताले घर-घरबाट निस्केर मतदान (बाँकी अन्तिम पेजमा)

# एकलजातीय संघीयता, धर्मनिरपेक्षता अस्वीकार

काठमाडौं । मंसिर ४ को निर्वाचनले एमाओवादीको एकलजातीय संघीयता, धर्मनिरपेक्षताको एजेण्डालाई अस्वीकार गरिदिएका छन् । देशभरिबाट मतपरिणाम आइरहेका छन् र ९० प्रतिशत मतदाताले आतंक, अहंकार र माओवादी एजेन्डाको विरूद्धमा मतदान गरेको लहर नै देखिएको छ । ०६४ सालको निर्वाचनमा कांग्रेस र एमाले जुन लज्जास्पद हार मानेर जनादेशलाई स्वीकार गर्न बाध्य भएका थिए, त्योभन्दा गएगुज्रेको हालतमा एमाओवादी पुग्न लागेको प्रारम्भिक मत परिणामहरूले देखाएको छ ।







समानुपातिकमा राप्रपा नेपालको पक्षमा मतदानको लहर देख्दा त्यसको नतिजा आउन थाल्दा एमाओवादी राप्रपाभन्दा पनि सानो पार्टी हुने खतरा देखएको छ । आफ्ना लज्जास्पद हारलाई सहन गर्न नसकेर एमाओवादीले मतगणनामा धाँधली भएको, आफूविरूद्ध देशविदेशी चलखेल र षडयन्त्र भएको भन्दै मतगणनास्थलको बहिष्कार गरेका छन् । तर, विश्वले पर्यवेक्षण गरिरहेको र यसपटकको निर्वाचन परिचयपत्रका आधारमा सम्पन्न भएकाले यो निर्वाचनमा धाँधली भयो भन्ने एमाओवादी आरोपलाई (बाँकी अन्तिम पेजमा)

## नेपाली कामदार कतारमा 'पशु'

काठमाडौं । रोजगारीको खोजीमा कतार पसेका नेपाली श्रमिकहरूलाई कतारमा 'पशु' को व्यवहार भइरहेको दाबा एमनेस्टी इन्टरनेशनलले गरिदिएपछि कतार सरकार अप्ठेरोमा परेको छ । विश्वका शक्तिशाली संचारमाध्यमहरूले नेपाली श्रमिकहरूलाई दास, पशु सरह व्यवहार भइरहेको समाचार दिइरहेका छन् ।

यति हुँदा पनि प्रधानन्यायाधीशले हाँकेको नेपाल सरकारले त्यो समाचार सुनेको छैन, नेपालीलाई दास, पशुसरह दुर्व्यवहार गरेको पनि देखेको छैन । राजदूतावासले त्यस्तो रिपोटिङ परराष्ट्रमा पठाएको पनि छैन । यस्तो स्थितिले नेपाल राष्ट्र हो कि कसैको प्रान्त भन्ने बहसमात्र उठेको छैन, नेपाली (बाँकी अन्तिम पेजमा)

# त्रिभुवन विमानस्थल विदेशीलाई दिइने

**अभियान संवाददाता**

काठमाडौं । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएका बेला पर्यटन मन्त्री रहेकी एमाओवादी नेतृ हिसिला यमीले नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलको व्यवस्थापन भारतलाई दिनु पर्ने प्रस्ताव मन्त्रिपरिषद्को बैठकमा लगेपनि अन्य मन्त्रीहरूको विरोधका कारण त्यो प्रस्तावले पूर्णता पाउन सकेको थिएन । अहिले फेरि गुपचुप रहेर त्रिभुवन विमानस्थलको व्यवस्थापन २५ देखि ३० वर्षका लागि विदेशीलाई दिइने भएको छ । लगानी बोर्डका प्रमुख कार्यकारी निर्देशक राधेश पन्तले विमानस्थलको उडान तथा सुधार व्यवस्थापन र क्षमता अभिवृद्धि गर्न विदेशीलाई नै दिनु उचित देखिएको हुनाले त्यसका लागि आवश्यक तयारी गरिएको जानकारी गराएका छन् ।



ठूलो लगानी गर्नुपर्ने भएकाले नेपाली लगानीकर्ताहरूबाट त्यो सम्भव नदेखिएको हुनाले विमानस्थलको व्यवस्थापनमा क्षमता हासिल गरेका अन्तर्राष्ट्रिय कम्पनीहरूबीच प्रतिस्पर्धा गराएर छनोट गर्ने तयारीमा लगानी बोर्ड पुगेको छ । पन्तका अनुसार विमानस्थलको व्यवस्थापन सुधारका लागि (बाँकी अन्तिम पेजमा)

## सानालाई ऐन ठूलालाई चैन

**अभियान संवाददाता**

काठमाडौं । सर्वोच्च अदालतले नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चाले कार्तिक २५ गतेदेखि मंसिर ४ गतेसमम आव्हान गरेको नेपाल बन्द फिर्ता लिन दिएको अन्तरिम आदेशलाई आफ्नो दलले अस्वीकार गर्ने नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले बताउँदै हड्ताल फिर्ता लिन अस्वीकार गरेपनि ४ गते संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको छ ।

नेपालका राजनैतिक दलहरूले बेला बेलामा आ-आफ्नो पक्षमा र विपक्षमा सर्वोच्च अदालतले निर्णय दिने गरेको भन्दै आफ्नो पक्षमा निर्णय नआएको खण्डमा अदालतको आदेशलाई स्वीकार गर्न सकिरहेका छैनन् । दलहरूले हालै सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनमा जनतासामु लगेका उनीहरूका घोषणा पत्रमा स्वतन्त्र र सक्षम न्यायपालिका हुने उल्लेख गरेपनि तिनै दलहरूले बेला बेलामा अदालतका आदेशहरू स्वीकार नगर्नुले दलहरूको कानुनी राज्यको अवधारणाप्रति जनताले विश्वास गर्न सक्ने आधारहरू देखिएका छैनन् । एमाओवादीले सर्वोच्च अदालतले ज्यान सम्बन्धी आरोप लागेका तत्कालीन एमाओवादीका सभासद् बालकृष्ण ढुंगेललाई सर्वस्वसहित जन्मकैदको फैसला सुनाएपनि आजसम्म उनले अदालतको आदेशको पालना गरेका छैनन् । एमाओवादीले तिनै ढुंगेललाई संविधानसभाको दोस्रो निर्वाचनमा पहिला ओखलढुंगाबाटै प्रत्यक्ष तर्फको उम्मेदवार बनाउने प्रयास गर्‍यो । आफ्नो प्रयास असफल भएपछि उसले ढुंगेललाई (बाँकी अन्तिम पेजमा)

## मतगणना रूझान फेरि त्रिशंकु

काठमाडौं । निर्वाचन सम्पन्न भएपछि राजनीतिक दलहरूको सम्पूर्ण ध्यान मतगणना, परिणाम र सरकार निर्माणतिर केन्द्रित हुन थालेको छ ।

यो निर्वाचनले निर्दलीय सरकारलाई दलीय बनाइदिनेछ । शक्ति पृथकीकरणको चुँडेको तार जोडिदिने छ र रिक्त संसद्को पुनर्स्थापना गरिदिनेछ । लोकतन्त्रको आधार कायम गर्ने यो निर्वाचनले संविधान निर्माण गर्ने जग बसाल्ने भएकाले महत्वपूर्ण मानिएको छ ।

यो निर्वाचनलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले पर्यवेक्षण गरेका थिए । सबैले स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित मानेका छन् । एकाध घटनाबाहेक शान्तिपूर्ण र ऐतिहासिक रूपमा चर्चा गरिएको छ । साथै अब त संविधान लेखिन्छ, अब त स्वस्थ राजनीति, स्थिरता र विकास सुरू हुनेछ भन्ने विश्वास पनि जनताले गरेका छन् । तथापि ०६९ जेष्ठ १४ गते जुन कारण र विवादले संविधानसभा विघटन भयो र ०६४ साल चैत्र २८ गतेदेखि ०६९ जेष्ठ १४ गतेसम्ममा सत्ता कब्जा गर्ने, सत्ताको दुरूपयोग (बाँकी अन्तिम पेजमा)

## आफुहरूले हिंसा आतंक नमच्चाइएको वैद्यको जिकिर

काठमाडौं । आफ्ना मागहरू पुरा नागरी संविधानसभाको चुनाव गराएको भन्दै कात्तिक २५ गतेदेखि चुनावकै दिन मंसिर ४ गतेसम्म यतायात बन्दको आव्हान गर्ने ३३ दल मध्येको प्रमुख दल नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले अझै पनि सहमतिका लागि वार्ताको विकल्प नभएको बताएका छन् । नयाँ राष्ट्रिय सहमतिका पक्षमा सरकार, राजनीतिक दल र नागरिक समाजबाट सकारात्मक पहलका लागि वैद्यले एक लिखित वक्तव्य मार्फत यस्तो आग्रह गरेका छन् ।

मंसिर २ गते एक लिखित बक्तव्य जारी गरी वैद्यले जनुसुकै परिस्थितिमा फेरि पनि राजनीतिक शक्तिहरूबीच संवाद र सहमतिको विकल्प छैन भन्दै मुलुकको विद्यमान राष्ट्रिय राजनीति संकट निकासका लागि राजनीतिक शक्तिहरूबीचमा संवाद र सहमतिको विकल्प छैन भन्दै उनले मंसिर ४ गते भएको निर्वाचनलाई सक्रिय (बाँकी अन्तिम पेजमा)

## निर्वाचन आचारसंहिता देखाउने दाँत

**काठमाडौं ।** संविधानसभाको निर्वाचनमा निर्वाचन आयोगले राजनीतिक दलहरूसँग छलफल र बहस गराएरै बनाएको निर्वाचन आचारसंहिता लागू गराउने दायित्व सरकारको हो । सरकार आफैंले आचारसंहिता उल्लंघन गर्दै चुनावको पूर्वसन्ध्यामा नेकपा-एमाले निकट रहेका गोविन्द गजुरेललाई राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्यसचिवमा नियुक्त गरेको छ ।

नेकपा एमालेको कोटाबाट मन्त्री बनेका बन तथा भूसंरक्षण मन्त्री टेकबहादुर घर्ती मगरको सिफारिसमा गत विहिवार अर्थात् कार्तिक २८ गते बसेको मन्त्रिपरिषद्को बैठकले गजुरेललाई सदस्य सचिवमा नियुक्त गर्ने निर्णय गरेको भए पनि त्यसलाई गुपचुप राखिएको थियो । चुनावी सरकारले निर्वाचन आयोगले निर्वाचन आचारसंहिता लागू भइसकको अवस्थामा दैनिक कार्य



सञ्चालन बाहेक अन्य कुनै पनि ठूला निर्णयहरू लिन सक्दैन । यदि कसैलाई कहीं नियुक्ति, सरूवा, बढुवा गर्नु परे निर्वाचन आयोगको सहमति लिनु पर्ने निर्वाचन आचार संहितामा प्रष्ट रूपमा उल्लेख गरिएको भए पनि सरकारले त्यसलाई उल्लंघन गरेको छ । स्मरण रहोस् गजुरेल नेकपा एमाले निकट रहेको नेपाल वुद्धिजीवि परिषद्का केन्द्रीय सल्लाहकार हुन् । चुनाव हुनुभन्दा पाँच दिन अघि मन्त्रिपरिषद् वैठकले चिनियाँ जहाज खरिद गर्ने अर्को विवादास्पद निर्णय गरी त्यसका लागि चिनियाँ सरकारसँग ऋण र अनुदान सम्झौता गर्न अख्तियारी समेत दिएको छ ।

तीन ठूला दल एमाओवादी, नेपाली काँग्रेस र नेकपा एमालेको र केही मधेसवादी दलहरूको सहमतिमा निर्माण भएको सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारले ठूला दलहरूलाई रिझाउनका लागि अनेक विवादास्पद निर्णय गर्दा समेत दलहरू कानमा तेल हालेर बस्नुले प्रमाणित हुन्छ - न त उनीहरूलाई

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# रेग्मी सरकार विस्थापित गर्न मात्र चुनाव

मंसिर ४ गते संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको छ । अबको केही दिन भित्रमा चुनावको सम्पूर्ण परिणाम पनि आउला ।ठूला दल भनिएकै दलहरु मध्येका तीन दल भित्रकै दलहरु संविधानसभामा एउटा दल सबैभन्दा ठूलो भएर संविधानसभामा पुग्ला ।तर एउटा दलले स्पष्ट बहुमत ल्याउन सक्ने अवस्था नदेखिएको हुनाले दोस्रो संविधानसभाले के संधिवान निर्माण गर्न सक्ला ? अब सबैको ध्यान त्यसतर्फ गएको छ ।संविधानसभाको दोस्रो निर्वाचन विवादरहित हुनुपर्ने थियो, तर ठूला दल भनिएका एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मेधसीवादी दलहरुको मोर्चाका कारण त्यसो हुन सकेन ।त्यसको एउटै कारण थियो २०६८ साल फागुन ३० गते यिनै ठूला दल भनिएका दलहरुले मात्र सहमति गरेर ११ बुँदे राजनीतिक सहमति गर्नु र चैत्र १ गते त्यही ११ बुँदे सहमतिका आधारमा संविधानका विभिन्न २५ वटा प्रावधानहरु संशोधन गरी सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा अन्तरिम चुनावी सरकार गठन गर्नु ।

एकवर्ष अगाडि एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीलाई उसले राखेका जायज मागहरु पुरा गरी उसलाई चुनावमा सहभागी गराउनु पर्नेमा कथित ठूला दलहरुले चुकेकै हुन् ।पार्टीगत स्वार्थ र व्यक्तिगत महत्वकांक्षा पुरा गर्नका लागि नेकपा-माओवादी नेतृत्वले कार्तिक २५ गते देखि मंसिर ४ गतेसम्म आमहड्तालको आव्हान गरेर जनतालाई दुःख कष्ट सहन बाध्य पाऱ्यो ।अनाहकमा निर्दोष जनताले ज्यान गुमाउनु पऱ्यो ।बसमा बम प्रहार गर्नु, आगजनी गर्नु नेकपा-माओवादीको गैरराजनीतिक चरित्र नै हो ।दलहरुको रिस जनतामाथि पोख्नु सौताका रिसले पोइको काखमा सु गर्नु बाहेक ३३ दलीय मोर्चाको कार्यलाई कसैले सही भन्न सक्दैनन ।

चर दलीय सिन्डिकेड र रेग्मी सरकारले जसरी भएपनि चुनाव गराई छोड्ने प्रतिबद्धता पुरा गरेको छ ।तर चुनावमा कति प्रतिशत जनताले भाग लिए, कति प्रतिशत मत खस्यो त्यो नै मुख्य विषय हो ।निर्वाचन आयोगले जबसम्म सबै मतगणना गरी खसेको मतको परिणाम घोषणा गर्दैन तबसम्म यति प्रतिशत खस्यो उति प्रतिशत खस्यो भनेर जतिसुकै प्रचार गरिए पनि त्यसलाई पत्याउन सकिने आधारहरु हुँदैनन् ।मंसिर ४ मा सम्पन्न भएको चुनाव संसद्को लागि मात्र नभएर संविधान निर्माण गर्नका लागि भएको हुनाले यसपालिको चुनावमा कम्तीमा पनि दुई तिहाइभन्दा बढी मत खस्नु अनिवार्य हुन्छ ।संसदको चुनाव भएको भए सामान्यतया ५१ प्रतिशतभन्दा बढी मत खसेमा त्यसलाई स्वीकार गर्न सकिने विश्वव्यापी सिद्धान्त रहेको छ भने कतिपय मुलुकहरुमा त सतप्रतिशत मत खस्नु पर्ने प्रावधानहरु समेत रहेका छन् ।जस्तै अष्ट्रेलिया र स्वीट्जरल्यान्डमा सतप्रतिशत मत खस्नुपर्ने संवैधानिक प्रावधान रहेको छ ।तर हाम्रो अन्तरिम संविधानले कति प्रतिशत मत खसेकोमा त्यो वैधानिक हुन्छ भन्ने व्यवस्था नगरेको हुनाले पहिलो संविधानसभाको निर्वाचनमा दुई तिहाईभन्दा ज्यादै कम मत खसेपनि त्यसलाई स्वीकार गरिएको थियो ।समय र परिस्थिति बदलिएको छ, त्यसबेला हालको एमाओवादीलाई संवैधानिक मार्गमा ल्याउनु पर्ने बाध्यता रहेको हुनाले विश्व जगतले त्यसलाई स्वीकार गरेका थिए ।अहिले त्यस्तो अवस्था छैन, त्यसै कारण हालै सम्पन्न भएको संविधानसभाको निर्वाचनमा दुई तिहाइ अर्थात् ८५ लाख भन्दा बढी मत खसेको भएमात्रै त्यसलाई स्वीकार गर्न सकिन्छ ।करिब १ करोड २२ लाख मतदाता रहेको यहाँ ७०-७५ प्रतिशत मत खसेको प्रमाणित भएमा त्यसले किमार्थ मान्यता पाउनु हुँदैन र पाउँदैन पनि ।

मंसिर ४ मा सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनपछि गठन हुने संविधानसभाले पहिलो संविधानसभाले गरेका महत्वपूर्ण निर्णयहरु स्वीकार गर्न सक्छ कि सक्दैन, पहिलो संविधानसभामा विवादित भएका विषयहरुमा जस्तै शासकीय स्वरुप र संघीयता अनि राज्यको पुनसंरचनाका बारेम दलहरुले सहमति नै नगरी आ-आफ्ना घोषणा पत्रहरु लिएर जनतामा गएका हुनाले ती विषयमा दलहरुबीच कसरी सहमति होला ? दलहरुबीच देखिएको असहमति र एकले अर्कोलाई विश्वासै गर्न नसकिने अवस्था भएको हुनाले सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीशको अध्यक्षतामा सरकार निर्माण गर्नु परेको सत्य वास्तविकतालाई दलहरुले अब कसरी लेलान ? नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चालाई कसरी संविधान निर्माणका लागि सहमत गराउलान, के उसको सहमति विना नै संविधान निर्माण भए त्यो सबैको लागि स्वीकार्य होला ? अहिलेका प्रमुख समस्याहरु यिनै भएपनि संविधानसभाको दोस्रो निर्वाचनले एउटा मार्ग भने खोल्न सक्ने प्रायः निश्चित नै छ, त्यो हो रेग्मी सरकारलाई विस्थापित गरी दलहरुकै नेतृत्वमा सरकार गठन गर्नु । सरकार गठन गर्नुबाहेक अहिलेका निर्वाचनले अर्को कुनै कार्य गर्न नसक्ने ठहर हामीले गरेका छौं । जनता भन्न थालेका छन् के संविधान निर्माण होला त ?

# जनताले दिए, अब पालो दलहरूको

देवेन्द्र चुडाल

मंसिर ४ गते संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको छ ।सम्भवतः आजैदेखि निर्वाचनको परिणाम पनि आउन सक्ला ।निर्वाचनको सक्रिय बहिष्कार गर्ने ३३ दलीय मोर्चाले चुनावमा केही असर पार्न सकेन भनेर चुनावमा भाग लिएका दलहरूले सोचेको भए त्यसले मुलुकलाई भविष्यमा अर्को द्वन्द्वमा फसाउन सक्ने भएको हुनाले जित्नेले बढी सोच्नै पर्दछ ।एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादी सहितका अन्य ३३ दलले पनि चुनावमा भाग लिएको भए वा निर्वाचनमा भाग लिन सक्ने वातावरण मिलाइएको भए त्यसले देश र जनतालाई एक सूत्रमा बाँध्न सक्थ्यो ।तर त्यसो हुन सकेन ।विश्वमै दुर्लभ मानिएको संविधानसभाको दोस्रो निर्वाचन नेपालमा भएको छ ।एक युगमा आउने संविधानसभाको चुनाव सायद नेपालमा मात्र ५ वर्षभित्रैमा फेरि सम्पन्न भएको छ ।विगतमा संविधानसभाले संविधान निर्माणको बदला सत्तालाई पहिलो प्राथमिकतामा राखेर संविधान निर्माण कार्यलाई थाती राखेकै हुनाले संविधान निर्माण नभएको सत्य वास्तविकतालाई अब दलहरूले स्वीकार गर्नै पर्दछ ।

हिजो संविधानसभाले के कति कारणले गर्दा संविधान निर्माण गर्न सकेन भन्दै अरू दलहरूले हिजोका आ-आफ्ना गल्ती र कमीकमजोरीहरूलाई सुधार गर्दै संविधानसभाबाटै संविधान निर्माण गर्न सबै सभासद्हरूलाई भूमिका दिएको खण्डमा मात्र संविधान निर्माण हुन सक्छ ।हिजोको जस्तै केही दलहरूको उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गरेर साना दलहरूलाई उपेक्षा गर्दै संविधानसभा बाहिर गएर कुनै होटल र रिसोर्टबाटै संविधान निर्माण गर्ने प्रयास गरेमा अझै पनि संविधान निर्माण हुन सक्दैन ।राजनीतिक दलहरूले संविधानसभाको निर्वाचनमा जनतालाई बाँडेका आ-आफ्ना पार्टीका घोषणापत्रहरू हेर्दा पहिलो संविधानसभामा ठूला दलहरूबीच सहमति हुन नसकेका विषयहरूलाई पुनः उठान गरेका हुनाले अहिलेकै अवस्थामा संविधान निर्माण हुन्छ भनेर विश्वास गर्न सकिने आधारहरू देखिएका छैनन् ।एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादी पार्टीले मुलुकभरमै आफ्नो उपस्थिति देखाउन सफल भएको छ । चुनावमा भाग लिएरै दलहरूबीच सहमति हुन नसक्नु र एउटा बलियो शक्ति संविधानसभाभन्दा बाहिर रहनुले पनि संविधान निर्माण कार्यलाई चुनौतीकै विषय मान्नु पर्दछ ।नेकपा-माओवादीका नेताहरूले आफ्नो पार्टीलाई बाहिर राखेर संविधान निर्माण गरी लागू गर्न दलहरूलाई चुनौती दिइसकेको अवस्थामा नेकपा-माओवादी नेतृत्वको मोर्चालाई सहमतिमा ल्याएर मात्र संविधान निर्माण गरिएको खण्डमा मात्र संविधानले सार्थकता पाउने प्रायःनिश्चित रहेको छ ।केही दलहरू मिलेर संविधान निर्माण गर्ने अनि केही दलहरूले त्यो संविधानलाई स्वीकार नगर्ने प्रवृत्ति अहिले नै देखिएको हुनाले यी दुवै प्रवृत्तिलाई साम्य पार्नका लागि आउँदो संविधानसभामा पुग्ने साना पार्टीहरूको भूमिका महत्वपूर्ण हुन सक्ने सहजै अनुमान गर्न सकिन्छ ।संविधान, संविधानका लागि नभएर मुलुकका तमाम समस्याहरू समाधान गर्ने प्रमुख दस्तावेज हुनुपर्दछ ।संविधानलाई सबै जनताले स्वीकार गर्न सकेको खण्डमा मात्र त्यो संविधानले पूर्णता पाउन सक्छ ।यदि त्यो संविधानलाई केही दलहरूले स्वीकार नगरी त्यही संविधानको विरूद्धमा गएमा मुलुक पुनः द्वन्द्वमा फस्न सक्ने र अन्त्यमा त्यसको मार जनताले नै व्यहोर्नु पर्ने भएको हुनाले संविधान निर्माणमा सबै दलको सहमति अनिवार्य सर्त हो भनिएको हो ।

अब दलहरू देश निर्माणको बाटोमा लाग्ने कि विनाशलाई नै निरन्तरता दिने ? नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्य र निर्वाचित राजनीतिक दलका दुवै नेतृत्वले सोच्नै पर्दछ ।यदि अब पनि जित्ने र हार्ने लडाइँमा दलहरूले घमण्ड गरेर आ-आफ्नो डम्फुमात्र बजाउने हो भने हालै सम्पन्न भएको निर्वाचनको कुनै औचित्य रहँदैन ।निर्वाचन जसले जिते पनि त्यो लोकतन्त्रविरूद्ध हुनुहुँदैन, देशविरूद्ध हुनुहुँदैन र जनताविरूद्ध पनि हुनु हुँदैन ।नेपाली भएर गरिरहनु पर्ने कार्य भनेको यति मात्र हो् ।हिजो चुनाव बहिष्कार गर्नेहरू पनि नेपाली नै भएका र चुनाव जित्ने पनि नेपाली नै भएका हुनाले हिजोको तुष र ईर्श्या बोकेर यदि चुनाव जित्ने दलहरू अगाडि बढेको खण्डमा चुनाव हार्ने वा चुनावमा भाग नलिने शक्तिहरू अझ उग्ररूपमा अगाडि बढ्न सक्ने र मुलुकमा हिंसा, हत्या, आतंक फैलिन सक्ने भएको हुनाले चुनाव जित्ने दल र तिनका शीर्ष नेताहरूले हार्ने वा चुनावमा भागै नलिएका दलहरू र तिनका नेताहरूलाई संविधान निर्माणको कार्यमा सरिक गराउनै पर्दछ ।हिजो २०४७ सालको संविधानलाई विश्वकै उत्कृष्ट संविधान भनिन्थ्यो, विश्वकै उत्कृष्ट संविधान निर्माण गऱ्यो भनेर फलाक्ने व्यक्तिहरू अहिले विभिन्न पार्टीमा लागेर राजनीतिमा सक्रिय भएका छन् ।अहिले तिनै व्यक्तिहरू संविधान निर्माणमा हावी हुन सक्ने र आफैँले बनाएको र विश्वकै उत्कृष्ट संविधान बनायौं भनेर कुर्लिने व्यक्तिहरूले २०४७ सालको संविधान आफैँले बचाउन सकेनन् वा बचाउने प्रयाससम्म नगरेको उदाहरण हाम्रैसामु ताजा रहेको अवस्थामा एउटा ठूलो दललाई बाहिर राखेर फेरि केही दलको सहमतिमा मात्र संविधान निर्माण गर्न खोजिए अब बन्ने संविधानको हालत पनि २०४७ सालको संविधानको जस्तै हुँदैन भनेर कसरी विश्वास गर्ने ? २०४७ सालको संविधान तत्कालीन राजा, दलहरू र जनताको साझा दस्तावेज थियो ।त्यो संविधानलाई सबै पक्षले स्वीकार गरेका थिए तर अहिले संविधानसभाको चुनावमा २०४७ सालको संविधानको विरोधमा संघर्ष गरेको एउटा ठूलो शक्तिलाई पाखा लगाइएको अवस्थामा चुनाव जितेका दलहरूले सर्वसम्मत संविधान निर्माण गर्दछन् भन्नु हत्केलाले सूर्यलाई छेके भन्नु बाहेक अन्य केही हुन सक्दैन ।

जे भए पनि संविधानसभाको निर्वाचान शान्तिपूर्ण रूपमै सम्पन्न भएको छ ।नेकपा -माओवादी नेतृत्वमा रहेको ३३ दलीय मोर्चाको निर्वाचन बहिष्कार प्रायःअसफल सावित भएको छ ।जनताले फेरि पनि तिनै असफल र असक्षम भएका दलहरूलाई बाध्य भएर स्वीकार गरेका छन् ।चुनाव भाँड्न वैद्य नेतृत्वले गरेका प्रयासहरू असफल भए पनि भोलिका दिनमा नेकपा-माओवादी बलियो प्रतिपक्षी भएको छ ।चुनावमा भाग लिएका दलहरू एक ठाउँमा उभिन नसकेको खण्डमा वैद्य नेतृत्वको मोर्चाको अगाडि उनीहरू निरर्थक सावित हुन सक्ने भएका हुनाले यति ठूलो शक्तिलाई बाहिर राखेर जसरी पनि चुनाव गरियो ।अब संविधान पनि जसरी पनि निर्माण गरी लागू गर्दछौं भन्ने संविधानको बाटो पहिल्याउन नखोज्नु नै हो ।जसरी भए पनि चुनाव सम्पन्न भयो भन्दैमा त्यसले समाधान हुन नसक्ने र त्यसले आम रूपमा वैधानिकता समेत पाउन सक्दैन ।जसरी भए पनि चुनाव सम्पन्न भएको घमन्ड दलहरूमा भएमा त्यसले मुलुकका समस्याहरू समाधान गर्न सक्दैन ।मुलुकलाई एकताको सूत्रमा बाँध्नै पर्दछ ।यदि त्यसो गरिएन भने भोलि विरोधका स्वरहरू थपिँदै जाने र अन्त्यमा गएर मुलुक फेरि द्वन्द्वमै जाने प्रायःनिश्चित जस्तै भएका हुनाले अब निर्वाचनको परिणाम आउनासाथ निर्वाचनमा जितेका दलहरूले नेकपा-माओवादी नेतृत्वमा रहेको ३३ दलीय मोर्चालाई उपयुक्त विकल्प दिएर संविधान निर्माणमा सहभागी गराउनै पर्दछ ।यसै कारण पनि कुनै पनि विकल्प दिएर वैद्य समूहको सहभागितालाई अनिवार्य गराइनै पर्दछ ।देश सधैँ हिंसा र द्वन्द्वमा रहन सक्दैन र राख्नु पनि हुँदैन ।देशले अब द्वन्द्व, हिंसा, मारकाट सहन सक्दैन ।वैद्य समूहले पनि त्यो बुझ्न जरूरी रहेको छ ।देश निर्माणको बाटोमा लाग्ने कि विनाशको बाटोलाई नै निरन्तरता दिने भन्ने चुनाव जित्ने दलहरूको शीर्ष नेतृत्व र ुचनाव बहिष्कार गर्ने दलहरूको नेतृत्वले अब सोच्नै पर्दछ ।चुनाव जसले जिते पनि वा हारे पनि जनताले नै जित्नु पर्दछ ।जनता कहिल्यै हार्दैनन्, यो विश्वव्यापी मान्यतालाई दुवै पक्षबाट मनन गर्नै पर्दछ ।

मंसिर ४ गतेको चुनावी प्रक्रियालाई नजिकबाट नियाल्दा यसपालिको संविधानसभाको दोस्रो निर्वाचनको परिणाम कुनै एउटा दललाई बहुमत आउन सक्ने अवस्था देखिएन, कुनै एक दलको बहुमत नआएको अवस्थामा संसद् त्रिंकुश नै बन्ने प्रायःनिश्चित जस्तै देखिएको छ ।एमाओवादी, नेपाली काँग्रेस र नेकपा एमालेले आ-आफ्नो दलले दुई तिहाई मत नपाएको खण्डमा संविधान नै निर्माण हुन नसक्ने उद्घोष जनताकहाँ पुगेर गरिसकेका छन् ।यहाँनेर प्रश्न उठ्छ, दुई तिहाई त परकै कुरा भयो, सामान्य बहुमत अर्थात् ३०१ सम्म ल्याउन सक्ने अवस्था भएन, के अब यी तीन ठूला दलहरूले संविधान नै निर्माण नगर्ने त ? त्यसको जवाफ तीन दलका शीर्ष नेताहरूले जनतालाई दिनै पर्दछ ।निर्वाचनको परिणामले दलहरूलाई मिलेर जाउँ र संविधान बनाउ भन्ने म्यान्डेट जनताले दिएका छन् ।जनताले दिएको म्यान्डेटलाई उल्लंघन गर्ने अधिकार दलहरूलाई छैन ।पहिलो संविधानसभामा विवादित रहेका मुद्दाहरूका बारेमा निर्वाचनको परिणाम आइसकेपछि सबै दलहरूले आ-आफ्ना सिद्धान्त मिल्ने दलहरूसँग मोर्चावन्दी गरेर त्यसैको आधारमा अगाडि बढेको खण्डमा मात्र संविधान निर्माण हुन सक्छ ।मुद्दा मिल्ने दलहरू एक ठाउँमा उभिएको खण्डमा विवादित विषयहरूको समाधान हुनसक्छ ।मुद्दा मिल्ने दलहरू जसको संख्या ठूलो हुन्छ उसैका एजेन्डाहरू संविधानसभाबाट पारित हुने भए पनि अन्य पक्षका मुद्दाहरूलाई समेत सकेसम्म समावेश गराउने रणनीति लिएको खण्डमा सजिलै संविधान निर्माण हुनसक्छ ।पछिल्लो अवस्थालाई अध्ययन गर्दा, हिजो साना भनिएका केही दलहरू र नयाँ केही नयाँ दलहरूको संविधानसभामा ठूलो उपस्थिति हुने भएको हुनाले संविधानसभा दुई ध्रुवमा बाँडिन सक्ने अवस्था देखिएको छ ।निर्वाचन परिणाम आउन अझै केही साता लाग्ने भएको हुनाले अझै संविधानसभा यस्तो हुन्छ भनेर भन्न नसकिए पनि हिजोका ठूला भनिएका दलहरूको हैसियतमा केही फरक आउने र केही साना दलहरूको उपस्थिति ठूलो मात्रामा हुने भएको हुनाले अब साना दलहरूलाई उपेक्षा गरेर संविधान निर्माण गर्ने हैसियत ठूला दलमा नरहने प्रायःनिश्चित जस्तै देखिएको छ ।जे होस्, जनताले अधिकार दिइसके अब जनतालाई अधिकार दिने पालो दलहरूकै हो ।

*devendrachudal@gmail.com*

# चुनावी परिणामले आतंक अन्त्य गर्ला ?



राजन कार्की

मंसिर ४ का दिन लोकतन्त्रको अभ्यास भइरहदा नरसंहार हुन्छ कि भन्ने त्रासदीलाई लोकमत अभिव्यक्त गरेर जनताले आतंकलाई अस्वीकार गरिदिएका छन् । भय सिर्जना गर्ने कुनै पनि अतिवादलाई नेपाली जनता लोकमतका माध्यमबाट प्रतिवाद गर्न सक्षम छन् भन्ने उदाहरण देखाइदिएका छन् र आफ्नो मतको अपमान गर्नेलाई जनताले कसरी दण्डित गर्नेछन् अथवा कसरी आत्मालोचनासहित कर्तव्यमा लाग्न निर्देशित गरेका छन् भन्ने विषय पनि मतपेटिकाहरूबाट धमाधम प्रकट थालेका छन् ।

जनतालाई शान्ति, संविधान, राजनीतिक स्थिरता र विकास चाहिएको छ भन्ने दृष्टान्त हो यो चुनावमा जनताको ऐतिहासिक सहभागिता । इतिहासमै सबैभन्दा बढी संख्याले मतदान गरेर बन्द र बहिष्कारलाई नै जनमतले बहिष्कार गरिदिएका छन् । जनताले चाहे भने जतिसुकै बम आतंक फैलाए पनि बन्द गर्ने र बहिष्कार गर्नेको कुन बेहाल हुने रहेछ, चुनावमा जनताले देखाएको उत्साहले प्रमाणित गरिदिएको छ । जनताले बन्द र बहिष्कार गर्नेको राजनीतिक आधार नै बालुवाको हलुवा बनाइदिए । तथापि एउटा प्रश्न उठेको छ– बन्द र बहिष्कारका क्रममा बिस्फोट गराइएको र फैलिएको बम आतंकको जिम्मेवारी बैद्य समूहले लिन इन्कार गरेको छ भने त्यो अज्ञात समूह कुन हो, त्यसको मुखुण्डो उदाङ्गो पार्नैपर्छ । (प्रहरी भन्छ– बैद्यका कार्यकर्ता हुन् आतंक फैलाउने) जनताले निर्दोष बालबनिता, यात्रु र सवारी चालकमाथि गरेको आततायी आक्रमणकारीलाई चिन्न पाउनुपर्छ, त्यसलाई कानुनले दण्डित पनि गर्नुपर्छ । डाढमा हाड छ भने खिलराज सरकारले अर्को सरकार नबन्दै आफ्नो कार्यकालमा भएका दुर्दान्तकारी र अक्षम्य मानवीय अपराधीको कठालो समात्नै पर्छ ।

०६४ र ०७० सालमा दुईपटक संविधानसभाको निर्वाचन भएको छ । ६ वर्षको अन्तरालमा दुईपटक संविधानसभाको निर्वाचन भएको इतिहास छैन, जुन इतिहास नेपालबाट अंकित भएको छ । तर यो इतिहास दुःखदायी पनि छ । पहिलो संविधानसभाले नै संविधान निर्माण गर्नुपर्थ्यो, सकेन । दोस्रो संविधानसभाले एकवर्षभित्रै संविधान निर्माण गर्ने प्रतिवद्धता जनाएका छन् राजनीतिक दलहरूले । ६ महिनामा खाका प्रस्तुत गरेर एकवर्षभित्र संविधान जारी भएन भने यो निर्वाचन पनि दुर्भाग्यजनक साबित हुनसक्छ । त्यसैले पहिलो संविधानसभामा सम्पन्न भइसकेका ८० प्रतिशत कार्यलाई सम्पत्ति मानेर, असहमतिका बुँदाहरूमा राष्ट्रिय सहमति कायम गरेर राजनीतिक निकास निकाल्नैपर्छ । यसपटकको निर्वाचनमा जनताले देखाएको हौसलापूर्ण मतदानको लक्षित निर्देशन त्यही हो । राजनीतिक दलका नेताहरूले गरेको कबुलको उद्देश्य पनि संविधान निर्माण नै देखिएको छ । त्यसकारण मतदानका परिणामहरू शनैः शनैः सार्वजनिक भइरहेको यो स्थितिमा जनादेशलाई आदरका साथ, सम्मानका साथ स्वीकार गरेर राजनीतिक दलहरूको लक्ष्य सर्वसम्मतिमा संविधान निर्माण गर्नु नै हो । फेरि पनि सत्ता कब्जा, सत्ता हासिल गर्ने जोडघटाउ र सत्ताको निर्दयताका साथ दुरूपयोग गर्नेतिर दलहरू लागे भने आगामी दिनमा जनताले माफी दिने छैनन् । निर्वाचन आयोगले समेत स्पष्ट पारेको विषय हो– संविधानसभाको यो निर्वाचन अन्तिम अवसर हो । निर्वाचनको मौका परिक्षा सम्पन्न भइसकेको छ, अव राजनीतिक दलहरूले संविधान निर्माण गर्ने मौका परिक्षामा पास हुनुपर्नेछ । यो निर्वाचन आगामी ५ वर्षका लागि संसदसमेत हो भनेर गल्ती कमजोरी देखाउने काम भयो भने त्यसको महगो मूल्य चुकाउन राजनीतिक दलहरू अहिले नै तैयार भएर बसे हुन्छ ।

निर्वाचनअघि ३३ दलले विवाद, द्वन्द्व, बन्द, बहिष्कार, बम आतंक, त्रासदी फैलाएर अन्यौलको वातावरण सिर्जना गर्नका लागि सबै हथकण्डाहरू अपनायो । हुन पनि विघटित संविधानसभाको ठूलो शक्ति रहेको नेकपा–माओवादीले नेतृत्व गरेको ३३ दलको मोर्चा चानचुने शक्तिचाहिं थिएन । उसले निर्वाचन बिथोल्नका लागि बम र बारूदको, भय र त्रासको ठूलै नाटक देखाएकै हो तर, जनताले ती सबै बाधा अड्चनको वास्ता गरेनन् । तिनले पड्काएको बम साइकल पन्चर भएजस्तो फिस्स भयो । यति भए पनि संविधान निर्माण गर्ने कार्यमा तिनलाई पनि राजनीतिक रूपमा सहभागी गराउन सकिन्छ । संविधान सिरान हालेर सुत्न सकिने पवित्र ग्रन्थ बनाउने हो भने बिरोध, अबैधानिक र अवमान्यताका कुनै कोणबाट उठ्नसक्ने आवाजलाई पहिले नै मूलधारको राजनीतिक सहमतिमा ल्याउन सकियो भने मंसिर ४ को निर्वाचन जसरी अकल्पनीय, ऐतिहासिक पर्वजस्तो रूपमा सम्पन्न भयो, संविधान घोषणा पनि त्यस्तै खुसियाली, जनताले खोजेजस्तो पर्व बन्नसक्छ । अवको राजनीतिक अर्जुनदृष्टि त्यतातिर केन्द्रित हुनुपर्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले यो निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष भनिसकेका छन् । जनताले पनि यही सत्य मानिसकेका छन् । निर्वाचनका बेलामा कसले के गऱ्यो, कसले कसरी जित्यो भन्ने निरर्थक बहस गरेर राजनीतिक मैदानमा तिक्तता फैलाउनु भनेको असफल यात्राको सुरूआत हुनसक्छ । त्यसैले जनमत, जनादेश शिरोपर गर्दै संविधान निर्माण गर्ने कर्तव्य पूरा गर्न लाग्नु नै बुद्धिमानी हुनेछ ।

मुलुकको स्थिर राजनीतिक भविष्यको आधारशिला खडा गर्ने मौका राजनीतिक दलहरूलाई जनादेशका माध्यमबाट प्राप्त भएको छ । यो मौकालाई नयाँ द्वन्द्वमा फसाउने जोखिमलाई न्यूनिकरण गर्दै जानुपर्छ । यही मौका हो, मुलुकलाई राजनीतिक निकास दिने । राष्ट्रिय संकटको अन्त्य गर्ने । केही दिनमै निर्दलीयबाट निर्वाचित दलीय सरकार बन्नेछ, संसदबिहीनताको अन्त्य हुनेछ, कार्यपालिका–न्यायपालिका–व्यवस्थापिकाको स्वतन्त्र अस्तित्व कायम भएर शक्तिपृथकीकरणको पुनःर्स्थापना हुनेछ । लोकतन्त्रमा हुनुपर्ने विशेषताहरू देखिन थालेपछि स्वतः सकारात्मक सोचसहितको राजमार्ग निर्माण गर्ने वातावरण सिर्जना हुनथाल्नेछ । त्यसपछि प्रजातान्त्रिक संविधानका लागि राजनीतिक दलहरूमा स्वस्थ, स्वच्छ र देशभक्तिसहितको प्रयासको मात्र आवश्यकता पर्नेछ । ०६९ साल जेठ १४ गते आधारातमा हण्डर र ठक्कर खाएका राजनीतिक पात्रहरूले त्यस्तो जघन्यभूल दोहोऱ्याउने छैनन् भन्ने विश्वास नै मंसिर ४ को शुभसन्देश हो ।

मंसिर ४ को अर्को विशेषता भनेको अर्को राष्ट्रिय शक्तिको उदय पनि हुनेछ । राप्रपा नेपालको प्रष्ट सैद्धान्तिक आधार भनेको हिन्दूराष्ट्र नेपाल र संवैधानिक राजतन्त्र हो । पत्रकार, विश्लेषक, नागरिक समाजले देशव्यापी रिपोर्टिङ्का आधारमा राप्रपा नेपालका पक्षमा चुनावी लहर देखेका छन् र सबैले राप्रपा नेपाल आश्चर्यजनक नतिजाका साथ संविधानसभामा पुग्ने आँकलन गरिरहेका छन् । मत गणनास्थलमा देखिएका निर्वाचनका प्रारम्भिक रूझानबाट पनि राप्रपा नेपाल ठूलै जनशक्तियुक्त पार्टीका रूपमा स्थापित हुन गइरहेको छ । केही एमाओवादीतिर लहसिएका विश्लेषकहरू भन्छन्– सत्ताको खेलमा राप्रपा नेपालको भूमिका देखिएला तर जब संघीयताको सवालमा बहस हुनेछ, राप्रपा नेपाल हराउने छ । आफूलाई परिवर्तनकारी र बैकल्पिक शक्तिका रूपमा प्रचार गरिरहेको राप्रपा नेपाल के त्यसो भए पानीको फोकोमात्र हो । ८१ प्रतिशत हिन्दू भएको मुलुक र राजतन्त्रको आवश्यकता देख्ने ठूलै जनघनत्व भएको मुलुकमा जनमतबाट उठेको राप्रपा नेपाल चर्चित भएर हराउँछ त ? यो प्रश्नलाई मान्न राजावादी र हिन्दूवादी तैयार देखिदैनन् । उनीहरू आजका दिनमा पनि अध्यक्ष कमल थापाको त्यो अभिव्यक्तिबाट आश्वस्त देखिन्छन् कि राप्रपा नेपालले संविधानसभाको पहिलो दिनबाटै आफ्ना मूल्य, मान्यता र सैद्धान्तिक आधारशिलाको जग हाल्ने अभियान थाल्नेछ । आफ्ना माग संवोधन नभए राप्रपा नेपालले संविधानसभामा लम्पसार परेर आवाज बुलन्द गर्नेछ । आजैमात्र पनि राप्रपा नेपालले यही कुरा दोहोऱ्याएको छ र जनादेश स्वीकार गर्ने जनाएको छ । चुनावी परिणामप्रति प्रश्न गर्ने साहस कुनै दलले गर्ने छैनन् । सत्य यही हो र यही सत्यको सीमामा बसेर राजनीतिक दलहरूले संविधान लेखन गर्ने विश्वास गरौं ।

दुःखको कुरा, यो निर्वाचनबाट पनि कुनै राजनेताको जन्म हुनेवाला छैन । किनभने जति दल र नेताहरू चुनावमा खडा भए, ती सबैले साँघुरोपन देखाए । प्रचण्ड अहंकारी नै देखिए, उनले त चुनाव अघि नै अवको राष्ट्रपति म भनिदिए । सुशील, झलनाथ, मधेसी नेताहरू पनि पार्टी स्वार्थभन्दा बाहिर निस्कन सकेनन् । केही युवा तथा महिलाहरूले जनतामा घोटिने अवसर त पाएका छन् तर तिनको आवाज अझै ठूला नेताको आवाज छिचोल्नसक्ने शक्ति राख्दैनन् । मंसिर ४ को निर्वाचनले पनि घुम्दै फिर्दै रूम्जाटार नेताहरू नै दिनेछ । यति भए पनि खरावहरूबाटै कम खरावलाई जनताले छान्ने र तिनै कम खरावहरूबाट सुखद भविष्यतिरको यात्रा हामी जनताको बाध्यता हो । असफल नेता, नीति र नेतृत्वबाट सुखद भविष्य खोज्ने हाम्रो यात्रा सही मार्ग पक्डिन सक्यो भने ५ वर्षपछि राष्ट्रिय नेता 'राजनेता' जन्मिने विश्वास गर्न सकिन्छ । वर्तमान हाम्रा नेताहरूले चुनावका माध्यमबाट अभिव्यक्त भएको जनअपेक्षा र जनआकांक्षाको सम्मान गर्लान् ?

**मुलुकको स्थिर राजनीतिक भविष्यको आधारशिला खडा गर्ने मौका राजनीतिक दलहरूलाई जनादेशका माध्यमबाट प्राप्त भएको छ । यो मौकालाई नयाँ द्वन्द्वमा फसाउने जोखिमलाई न्यूनिकरण गर्दै जानुपर्छ । यही मौका हो, मुलुकलाई राजनीतिक निकास दिने । राष्ट्रिय संकटको अन्त्य गर्ने । केही दिनमै निर्दलीयबाट निर्वाचित दलीय सरकार बन्नेछ, संसदबिहीनताको अन्त्य हुनेछ, कार्यपालिका-न्यायपालिका-व्यवस्थापिकाको स्वतन्त्र अस्तित्व कायम भएर शक्तिपृथकीकरणको पुनःर्स्थापना हुनेछ ।**

# सडक पहुँचले किसान लाभान्वित

भैरहवा । एसियाली विकास बैंकको सहयोगमा भैरहवा–परासी सडक स्तरोन्नति भएपछि ग्रामीण क्षेत्रका किसानको उत्पादनले बजार पाउन थालेको छ । सडक पहुँचसँगै ग्रामीण क्षेत्रमा उत्पादित कृषिजन्य वस्तु र दुग्धजन्य पदार्थ सहरी क्षेत्रमा बिक्री भएपछि स्थानीय किसान लाभान्वित हुन थालेका छन् ।

रूपन्देहीको धकधईका शम्भुनाथ चौधरी खेतबारीमा फलेको तरकारी बिक्रीका लागि एक घन्टाभित्रै भैरहवा बजार आउँछन् । २२ किलोमिटर टाढाको भैरहवा बजार आएर फर्कन दिनभर लाग्ने गरेकामा सडक विस्तारसँगै हाल २ घन्टाभन्दा बढी लाग्दैन । उनी भन्छन्, 'पहिला बिहान सहर गए साँझ मात्र फर्किन सकिन्थ्यो, अहिले सडक पहुँच सहज भएपछि सजिलो भएको छ ।'

कुहिएर जाने तरकारी घरमा बढी हुनेबित्तिकै बिक्रीका लागि भैरहवा–परासी सडकमार्फत सहरी क्षेत्रमा बिक्री गर्न लैजाने गरेको चौधरी बताउँछन् । ग्रामीण क्षेत्रमा उत्पादित तरकारी धकधई बजार र सडकमै किन्नेको भिड लाग्ने गर्छ । त्यहाँ बिक्री नभए भैरहवा पुऱ्याउन सकिने हुँदा किसानले लागत मूल्य पाउने अवस्था छ ।

सामान्य कच्ची सडक चार वर्षअघि एसियाली विकास बैंकको सहयोगमा चार लेनसहित पक्की बनाइएपछि किसानको उत्पादनले सहज बजार पाएको हो । सडकले भैरहवादेखि पूर्वपट्टिका वसन्तपुर, धकधई र छिपागढ गाविसलाई प्रत्यक्ष सडक सञ्जालमा जोडेको छ । त्यसबाहेक अप्रत्यक्ष रूपमा बोधबार, छिपागढ, पजरकट्टिलगायत पूर्वी भेगका गाविसले विस्तारित सडकबाट फाइदा उठाएका छन् ।

छिपागढ तरकुल्लाहका हेमराज थारूको आफ्नो जग्गा छैन । उनले अर्कैको खेत अधियाँ गर्छन् । अधियाँबाट उब्जेको अन्न बेचेर परिवार पालेको बताउँछन् उनी । उनलाई पनि अहिले तरकारी बिक्रीका लागि समस्या छैन । खेतमा उब्जेको धान र गहुँ किन्न व्यापारी गाडी लिएर घरसम्मै आउने गरेका छन् ।

थारू भन्छन्, 'सडक विस्तारपछि व्यापारीको पहुँच सिधै किसानसम्म भएको छ । उत्पादित तरकारी बेच्न ग्रामीण क्षेत्रका किसान धाउनुपर्दैन, व्यापारी आफैं आउँछन् ।' सडक विस्तार नहुँदा बिचौलियाले सस्तो मूल्यमा तरकारी लैजाने गरेका थिए । तर, अहिले सडकको पहुँचले उत्पादन बिक्रीमा समस्या हटेको स्थानीय किसान बताउँछन् ।

हुलाकी सडकले रूपन्देही र नवलपरासीका ग्रामीण किसानको आयस्तर फेरिएको छ । कच्ची सडकका कारण कम गाडी चल्ने गरेकामा हाल स्तरोन्नतिसँगै गाडी आवतजावत बढ्ेपछि ग्रामीण कृषि उत्पादनले सहज बजार पाउन सकेको कृषि विकास कार्यालयले जनाएको छ ।

ऽभैरहवादेखि पूर्वका गाविसका बासिन्दालाई काठमाडौं जान भैरहवाबाट बुटवल हुँदै जाने समस्या पनि हटेको छ । भैरहवा परासी हुँदै चल्ने बसबाट भैरहवा नआई बर्दघाट पुग्न सकिने भएको छ । छिपागढका सञ्जय गुप्ता भन्छन्, 'सडकले स्थानीयको भविष्य चम्काएको छ । जग्गा मूल्य अकासिएको छ । स्थानीयको व्यापार व्यवसाय बढेको छ ।'

सडक कच्ची हुँदा ५-६ लाख रूपैयाँ प्रतिबिघामा पाइने जग्गा मूल्य अहिले प्रतिबिगा ६० लाखसम्म पुगेको छ । सडक विस्तारसँगै त्यस क्षेत्रमा उद्योगसमेत बढेका छन् । हाल चामल उद्योगलगायत विभिन्न किसिमका ६ भन्दा बढी उद्योग स्थापना भइसकेका छन् । लुम्बिनी करिडोरमा रहेका उद्योगसमेत त्यस क्षेत्रमा सार्ने चर्चा सुरू भएको छ ।

# BJP Orchestrated Terrorist Attacks in IOK

● Iqbal

BJP is desperate to woo Hindu voters to its cause of attaining victory in the forthcoming Indian elections. Since it has little to show in the realm of development during its last tenure of government (1998-2004) and was rejected by the voters, this time around, it is appealing to the Hindu voters' sense of patriotism by whipping up anti-Pakistan and anti-Muslim sentiments through false flag operations.

Indian Interior Minister Sushil Kumar Shinde , has put serious blames on Hindu Extremist Organizations . He said that "We have report that training camps of BJP and RSS are promoting Hindu terrorism. Hindu extremist organizations recruit Armed People. We are closely watching it." At the AICC session in Jaipur, Shinde had accused BJP and RSS of conducting terror training camps and promoting "Hindu terrorism". Another leader Vijay Singh said that BJP demanded concessions for Prohit and others involved in Samjhota Express blasts. "We want to ask Lal Krishan Advani that he took delegation for following Prohit's case to Dr Manmohan Singh, Sushmaa Suraj was also part of this delegation, they went to follow terrorists they should be answerable and sorry for it". Mani Shankar completely agreed to Interior minister and said," its good that interior minister himself told this as it is not something hidden, everybody knew it but no one had the courage to speak." The extremists even force the sports and cultural events to function under their desire.

General VK Singh has appeared in public sharing the dais with Narendra Modi, hardliner BJP leader. Indian whistleblower Tehelka.com had presented 'irrefutable' evidence that the killings of Muslims post-Godhra train carnage in Gujarat was 'not a spontaneous swell of anger but a genocide' planned and executed by top functionaries of the Sangh Parivar and state authorities 'with the sanction' of Chief Minister Narendra Modi, who is also the nominee for the slot of Prime Minister if BJP comes to power in the forthcoming general elections.

Extremist Hindus have even recruited fanatics in the Indian military to support their anti-Pakistan/anti-Muslim machinations. Desperate attempts were made to bring international censure on Pakistan at the 68th session of United Nations General Assembly (UNGA). A series of well planned and odiously orchestrated assaults were launched to create the desired effects. Twin terrorist attacks in Indian Occupied Kashmir (IOK) targeting a Police Station and a Military Camp, killing a Lieutenant Colonel and fourteen others including Police and Army officers was achieved by the perpetrators of the atrocious act by disguising themselves as Indian Army officials to gain entry into Heera Nagar Police Station in Samba and later hijacking a truck to attack the Base Camp of a Cavalry Regiment. To pinpoint the blame on Pakistan, the so called Shuhada (Martyrs') Brigade was made to claim responsibility for the attacks in a phone call to a local English Daily, The Kashmir Monitor. On cue, Indian media burst into the oft repeated slogans of Pakistan bashing. The assailants had learnt their lessons well. In a previous attack on August 5, 2013 they had disguised themselves in Pakistan Army uniforms; to which International analysts had opined that if Pakistan Army was responsible, it would have dressed up in Indian Army uniforms to hide its identity.

Pakistan condemned the terrorist attacks but vehemently refuted the allegation of having sponsored the assault. On the other hand, Indian Prime Minister Dr. Manmohan Singh issued a mature and prudent statement that such attacks would not deter India from pursuing peace through dialogue and the assaults will not be allowed to derail efforts to find solutions of all problems through peaceful talks. He also upheld his commitment of holding talks with his Pakistani counterpart on the sidelines of UNGA in New York. Unfortunately BJP and extremist elements of Indian media continued to blatantly blame Pakistan for the attacks and harp on their incessant demand of Manmohan Singh to call off talks with Mian Nawaz Sharif.

Despite the BJP's last ditch maneuver to convince PM Manmohan Singh to refrain from holding talks with his counterpart, Manmohan Singh, who had received the news of the brazen attacks in Frankfurt, enroute to UNGA and having an inkling of the identity of the real perpetrators of the crime, condemned the attack but refused to name Pakistan being responsible for them.

Earlier, the BJP had used its other Hindutva counterparts of the Sangh Parivar like RSS, Shiv Sena, Bajrang Dal, Vishwa Hindu Parishad and like minded cliques of Indian Armed Forces to escalate border tension along LoC in IOK, in an attempt to sabotage the prospects of a meeting between the two Prime Ministers.

Due to the pressure exerted by BJP and its co-conspirators, Manmohan Singh initially delayed his commitment of meeting with Nawaz Sharif on the side lines of UNGA and BJP was hopeful that the Indian Premier will succumb to its demands, but he ultimately preferred to follow the righteous path and met his Pakistani counterpart in a meaningful dialogue. This forced the hand of BJP. In its frustration, it orchestrated terrorist attacks against Indian troops again, pinning the blame for the attacks on Pakistan. Meanwhile it portrayed Dr. Manmohan Singh as weak, presenting Narendra Singh Modi, BJP's hardliner candidate for the Prime Minister's slot as one who would "sort out Pakistan and Muslims", if elected to power.

Pakistan's High Commission in India gave timely rebuttal to Indian media and BJP's allegations stating that Pakistan was not involved in these attacks and that it was itself the victim of terrorism. The recent attack in Swat, claiming the lives of senior Army Officers and the heinous assault on Peshawar Church is ample evidence of it. Claiming responsibility by Shuhada Brigade of India reveals that the attacks were foisted inside India and that Indian internal factor is responsible for such mayhem. Shifting blame on Pakistan in BJP style is nothing but reflection of Hindu mindset driven by hate emotions but speaks volumes for its desperation to come to power by any means.

# RAW- RAM NEXUS AGAINST PAKISTAN THREAT TO REGIONAL PEACE

Pakistan has made numerous peace overtures to India. It has bent backwards in suggesting mechanism to ensure lasting peace. There have been offers of a no-war pact, withdrawal of forces from the international boundary as well as the Line of Control, perpetual cease fire, no first use of nuclear weapons but each gesture has been rudely spurned. Instead, Pakistan is painted in a bad light as an aggressor, the harbinger of terrorism and master of proxy wars. Whereas the truth is far from it.

Pakistan's sincerity in improving relations with India is beyond any doubt, however, Indian deep seated animosity against Pakistan and her hegemonic designs spoil all efforts to hold meaningful talks to bring sustained peace in South Asia. India has always explored ways to harm Pakistan through direct actions or using surrogate wars to destabilize Pakistan. Ample evidence now exists that the December 13, 2001 attack on the Indian Parliament, the 2007 carnage on board the Samjhota Express and the 2008 Mumbai Attacks were all orchestrated by Hindu extremists and RAW while Pakistan was blamed for the assaults. So much so that in the wake of the December 13, 2001 attack on Indian Parliament, Indian forces were launched to take punitive action against Pakistan. It was only swift deployment of Pakistani troops for a possible riposte and international pressure that kept the Indians at bay. In the aftermath of the Mumbai attacks, Indian air force fighter aircraft were dispatched for surgical strikes against Muridke. Again it was the timely interception of the Indian fighter aircraft by Pakistan Air Force air defence system that thwarted the Indian adventurism.

The advent of 9/11 provided India with a fresh tool to whip Pakistan. Initially Indian leaders tried to ally themselves with the US, offering their airspace and air bases to support operations against Afghanistan and also club Pakistan in the terror triangle. Pakistan's timely action to support anti terror operations wrecked Indian machinations but later Indian Chanakyan maneuvers created fresh opportunities for them. Indian political leadership derives sadistic pleasure as Pakistan suffers at the hands of terrorism while RAW unturned to destabilize Pakistan. Indian RAW conducts subversive activities and runs proxy war inside Pakistan using Pakistani dissidents and Afghan conscripts.

In the guise of development and reconstruction projects in Afghanistan, India strategically placed RAW operatives, who recruited, trained, armed and launched miscreants in Pakistan to launch a war of insurgency in Balochistan and terror attacks in Pakistan's major cities through FATA and the tribal belt. Criminal elements were attracted to this clandestine operation, as they had access to state-of-the-art weapon systems, communication equipment and unlimited funds. They found it expedient to operate as India's stand-ins in its heinous plot against Pakistan.

The ongoing dirty war is continuing against Pakistan, inflicting losses to the law enforcing agencies including the Pakistan Army, Rangers, Police and the intelligence organizations. The odious Indian machination through its substitutes is hurting the innocent civilians, women and children alike and taking a huge toll of lives besides maiming and injuring them.

Acting on the Chanakyan dictum of "tell a lie so often that it appears to be the truth", Indian agencies have managed to present Pakistan in the worst image and have gained the upper hand. Pakistani side remained somewhat cautions in providing evidence to India for supporting terrorism inside Pakistan, fearing that peace process with India may get damaged, though many incidents revealed clear signs of Indian

involvement. On the other hand India found it convenient to further blackmail Pakistan on the peace process. Indian scholars and writers openly suggested that a proxy war inside Pakistan would accrue India benefits beyond proportion as Pakistan will be weakened. Consequently Indian hidden efforts continue to destabilize Pakistan by supporting terrorists from TTP and those belonging to Afghanistan for conducting acts of terrorism inside Pakistan.

A peace process between the Government of Pakistan and TTP is imminent despite setbacks. Such developments are abhorrent to Indian leadership, who not only disapprove such talks but also make overt efforts to support some TTP leaders to undertake suicide attacks or use IEDs for blasts in sensitive areas in an attempt to sabotage the dialogue prospects. Recently US led NATO ISAF commander endorsed Pakistan's assessment and viewpoint that Kabul-New Delhi nexus was harboring safe havens across Durand Line. He further contended that RAW in connivance with Afghan NDS conduct subversive activities inside Pakistan to derail the peace process between Government of Pakistan and TTP.

In this regard arrest of Latifullah Mehsud by US Special Forces revealed that terrorist attack in Upper Dir targeting Major General Sanaullah Khan Niazi was undertaken by Indo-Afghan nexus. He further proclaimed that terrorist attacks against Peshawar Church, in Qissa Khawani Bazaar and on an official bus of Peshawar Secretariat were also planned and sponsored by RAW working in Kabul. The aim was to derail the peace process between Government of Pakistan and TTP. Indian plot to subvert the peace process must be exposed and condemned as it has repercussions for the entire region.

*- Khan*

# भारतीय नियत स्पष्ट छ

२००७ सालमा प्रजातन्त्रको घोषणापश्चात बडामहाराजा पृथ्वीनारायण शाहका वारिस गद्दीनशीन राजाहरू र प्रजातन्त्रवादी भनाउँदावीच फाटोआउनुको मूलकारण नेपाल आमाका रक्षा गर्ने र सत्ताप्राप्तिको लागि आफ्नै मातृभूमिको अस्मितालाई दाउमा लगाएर भए पनि सत्ता हत्याउने गैरजिम्मेवार तत्वहरूका कारण सिर्जना भएको थियो । आज राजतन्त्र छैन तर त्यसको निरन्तरता आजसम्म कायमै छ ।

झगडाको मूलकारण स्वार्थको हो । जुन शक्तिले पुर्खाले नेपालको एकीकरण गरेका थिए, तिनीहरूका स्वार्थ देशको रक्षा गर्नु नै प्रथम उद्देश्य थियो, देशको रक्षा गर्नका लागि नै राजगद्दीको मोह त्यागेर त्रिभुवनले भारत प्रस्थान गरेको हो । देशको रक्षाका लागि ज्ञानेन्द्र शाहले पनि राजगद्दी सहज ढंगले त्यागेको आज सबैलाई थाहै छ । तर भ्रम छरेर सत्ता राजनीति गर्नेहरू सत्य स्वीकार्दैनन् ।

अर्कातिर प्रजातन्त्रको नाममा शासन गर्ने रहर बोकेका महत्वाकांक्षी ब्राम्हणहरूले गरिमामय सत्ता हत्याउनासाथ शासकीय ज्ञान र संस्कारसमेत नभएका कारण राष्ट्रिय महत्वमाथि दरिद्र स्वार्थ थोपर्दै गएका हुन् । यही कारणले गर्दा राजबंशी र सत्यानासी सत्तापिपासुकावीच फाटो आउनु स्वभाविकै थियो । राजसंस्थाको चाहना थियो- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकता कायम राख्न राजा र जनता मिलेर राष्ट्रिय स्वाभिमानलाई अझ शक्तिशाली बनाउन प्रजातन्त्र प्रणाली । यसै आशामा त्रिभुवनले मेलमिलापको रणनीति अंगालेर जहाँनिया शाशक शत्रु मोहनशमशेर र भारतमा भौंतारिरहेका प्रजातन्त्रवादी नेता वीपी कोइरालालाई समेत प्रजातन्त्रको घोषणा गर्दै आफूसँगै दिल्लीबाट नेपाल फर्केको इतिहास साक्षी छ, मेटेर मेटिन सक्दैन, न छेकेर छेकिन्छ ।

आपसी मतभेद शत्रुता नाश गरेर जनताको सहभागिता एवम् सहयोगका साथ प्रजातान्त्रिक प्रणालीलाई सहज ढंगले बलियो र मर्यादित तुल्याउँदै स्वाधीन नेपालको रक्षा गर्दै अगाडि बढ्नु थियो । जसका लागि संवेदनशील विवेकी नेपाल आमाप्रति समर्पित प्रजातन्त्रवादी नेताहरूको सहयोग बिना सम्भव थिएन । शत्रु मोहनशमशेरसँगै वीपी कोइरालालाई समेत आफूसँगै ल्याउन कम महत्व दिएको थिएन । यो सत्यतथ्यलाई बुझ्नका लागि यो पनि बुझ्न अनिवार्य छ कि राणा जहानियाँ शासनको विरूद्धमा संघर्ष गर्नेहरूमा वीपी कोइरालामात्र एक्लै नता थिएनन् । खास गरेर नेपाली कांग्रेसका रङ्रूट युवा पिंढीले यो पनि बुझ्नु जरूरी छ कि नेहरूको प्रियपात्र मोहनशमशेर थिए, वीपी कोइराला होइन । वीपीलाई यथार्थमा मर्यादा र महत्व दिने राजा त्रिभुवन थिए । जनताको नेता बनाउनका लागि पनि र प्रजातन्त्रको जग बसाल्नका लागि पनि नेताको खाँचो हुन्छ । त्यो महत्व राजाबाट वीपीले नै पाएका थिए । तर राजाले जुन आशा भरोसा राखेर वीपीमाथि विश्वास गरेका थिए, त्यसमाथि तुषारापात त्यसबेला भयो जब वीपीले राणा कांग्रेसको मिलिजुली सरकारको गृहमन्त्रीको पदबाट राजीनामा गरेर राष्ट्रिय संकट सिर्जना गरेका थिए । नेहरूको पञ्जाबाट राष्ट्रिय स्वाधीनताको रक्षा गर्न खोज्ने राजसंस्था र सत्ता अधीनमा राख्न खोज्ने महत्वाकांक्षी वीपीवीच त्यसैबेलादेखि फाटो आएको हो । जुन समयक्रममा बढेर गएको थियो । राजा त्रिभुवनले गद्दीको बाजी जुन उद्देश्यले लगाएका थिए, त्यो कम जोखिमपूर्ण थिएन । यदि समयमै सही कदम नचालेको भए विस्तारवादी नेहरूले प्रजातन्तको बिगुल फुक्नुभन्दा ६ महिना १८ दिन पूर्व असमान गोप्य सन्धि गरेर राणा मोहनशमशेरलाई आफ्नो पञ्जामा कसिसकेको थियो । नेहरू र वीपीको भारतीय नेताहरूका समूहवीच ३६ को आँकडा भएकाले नेहरू वीपीको पक्षमा नभएको बेला त्रिभुवनको राजनीतिमा प्रत्यक्ष प्रवेश नभएको भए सन्धि माष्टर नागराज नेहरूले तत्कालीन श्री ३ महाराज मोहनशमशेरलाई मोहरा बनाएर काश्मीरको महाराजा हरिसिंह बनाउने सम्भावन थियो । यदि मोहनशमशेरलाई नेपालको हरिसिंह बनाएर काश्मीर बनाइदिएको भए वीपी कोइराला जस्ता नेताहरूका औकात काश्मीरका स्वर्गीय नेता शेख अब्दुल्लाको जति पनि हुने थिएन । यसकारण महत्वहीन ठहऱ्याउने प्रयास नगर । गुम्न लागेको नेपाललाई नेहरूको पञ्जाबाट जोगाई दिएकाले नै जनताले राजा त्रिभुवनलाई राष्ट्रपिताको संज्ञा दिएका हुन् । स्वीकार पनि गरेका हुन् ।

प्रजातन्त्रको घोषणापूर्व नै नेहरूले सन १९५० को सन्धि गरिसकेकोले प्रजातन्त्रको साथमा समस्या पनि पठाएका थिए । १०४ वर्ष अवधिमा राणाहरूका अधीनमा रहेको निर्वल राजदरवारमा भारतीय सल्लाहकारको बहानामा घेरिएको थियो । संसदमा भारतीय पर्यवेक्षकहरू विराजमान थिए । सेनामा राणाहरूकै पकड थियो । सबै स्थिति राम्ररी बुझेर राजा र जनताका तर्फबाट जिम्मेवारी बोकेका नेताहरू र खास गरेर वीपी कोइराला जसलाई राजा त्रिभुवनले खास महत्व दिएका थिए, समयले खडा गरिदिएका समस्याहरूसँग मुकाबिला गर्न आपसी सहमति र एकअर्कालाई सहयोग गरेर राष्ट्रिय हितको निम्ति राजनीतिक कदम उठाउनुको साटो उल्टो नागराजा नेहरूलाई प्रोभोक गर्ने खालका कदम उठाएर मोहनशमशेरलाई ढाल्न कदम उठाए । राजदरवार बलियो अवस्थामा भएको भए वीपीले गृहमन्त्रीको पदबाट राजीनामा गरेर नेहरूको प्रियपात्र भैसकेको मोहनशमशेरको सत्ता फाल्ने चाल चलेको उचित हुनसक्थ्यो । तर राष्ट्र नै निर्वल रहेको अवस्थामा र राष्ट्रिय स्वाधीनता नै खतरामा परिसकेको अवस्थामा धैर्यता राखेर संवेदनशीलता बुझ्नुको साटो गलत कदम वीपीले उठाएकाले राजसंस्थालाई समेत समस्यामा फसाइदिएका थिए । धन्न राजसंस्थाले राष्ट्रियतालाई सकुसल बचाउने काम गऱ्यो । त्यही राष्ट्रियता आज राजनीतिक दलहरूको सत्ताखेलको मैदान बनेको छ ।

निरङ्कूस शाषकहरूद्वारा भुक्तभोगी राजसंस्थाले वीपीको दादागिरी स्वीकार्न गद्दीको बाजी लगाएको थिएन । जहाँसम्म प्रजातन्त्रको सवाल छ, सन्दर्भमा राजसंस्था अनभिज्ञ पनि थिएन । प्रजातन्त्रकै जग बसाल्न र जहाँनिया शासनको अन्त गर्नका लागि नै राजा त्रिभुवन र सहीदहरूवीच गोप्य सहमति भएको थियो । तर त्रिभुवनले भारतबाट फर्किने बेलामा नेहरूका प्रिय मोहनशमशेर र अर्कोतर्फ नेहरूका विपक्षी वीपीलाई प्रजातन्त्रको स्थापनाका लागि सन्तुलित राख्दै प्रजातन्त्रको घोषणा गरेका थिए । यसैकारण यो पंक्तिकारले बारम्बार भन्ने गरेको : बाजेहरू शासन रहरले मात्र चल्दैन । शासन गर्नका लागि राजकीय संस्कार, इतिहास र औकात पनि चाहिन्छ । वीपीले २००७ सालताका राजा त्रिभुवनले लिएको राष्ट्रिय मेलमिलापको नीतिको रहस्य बुझ्ने योग्यता राखेका भए २०३३ साल पुस १६ गतेसम्म पर्खिनु पर्ने आवश्यकता थिएन । यदि कोइराला ब्रदर्शले राष्ट्रिय स्वाधीनता,स्वतन्त्रता एवम् अखण्डता राख्ने राजसंस्थाको चिन्ताप्रति ध्यान पुऱ्याउन सकेको भए आजको सिथति सिर्जना हुने थिएन । राजसंस्थाको चाहना राष्ट्रिय स्वाधीनता अक्षुण्ण राख्न प्रजातन्त्र चाहिरहेको थियो भने लोभी स्वार्थीहरूले सत्ता हत्याउन राष्ट्रिय अस्मिता पराईलाई भेटी चढाएर राजनीति गर्न खोजे । यस्तै स्वार्थको अन्तरले गर्दा गणतन्त्र त आयो तर प्रजातन्त्र हरायो । अस्तित्व नै खतरामा पुग्यो ।

***पी.उ.मीर***

---

# विद्यार्थी पनि घरेलु हिंसालाई सामान्य ठान्छन्

***बच्चु बि.क.***

महिला अधिकारकर्मी मेनुका बस्नेतले सोधिन्-'*बाबाले आमालाई, दाइले भाउजूलाई, भिनाजुले दिदीलाई कुटेको देख्नुभएको छ ?*' 'छौं' निर्धक्कसँग ठूलो स्वरमा विद्यार्थी कराए ।

अर्को प्रश्न थियो - '*गल्ती कसको जस्तो लाग्छ, बाबाको की आमाको ?*'

'बाबाको' सबैको एउटै स्वर आयो । हिंसा न्यूनीकरण अभियान लिएर कञ्चनपुरका बिभिन्न विद्यालय, उच्च मावि र कलेजमा पुगेका महिला मानव अधिकार रक्षक संजालका प्रतिनिधिहरूले विद्यार्थीसँग गरेको छलफलका क्रममा यस्तै उत्तर पाएका छन् ।

किन यस्तो गर्छन त ? भन्ने प्रश्नमा महेन्द्रनगरको बैजनाथ उच्च माविको कक्षा १२ मा अध्ययनरत नरेन्द्र बमले उत्तर दिए- 'यस्तो त भइराख्छ, महिला कमजोर भएकाले हरेक घरमा झगडा हुन्छ महिलाले नै पिटाइ खानुपर्छ ।' कक्षा ११ र १२ का करिब ७० जना विद्यार्थी भेला भएको हलबाट अर्कोको उत्तर आयो- 'गाउँघरमा भन्छन् नि एकै ठाउँमा भए भाँडा ठोक्किन्छ, त्यस्तै हो, जस्तो लाग्छ ।' 'बाबाआमाबीच ठाकठुक भइराख्छ । सधै भइराख्ने भएकोले सामान्य कुरा हो भन्ने लाग्छ' अर्का विद्यार्थी कृष्ण भट्टले भने । स-साना कुरामा बाआमाको भनाभन हुने र झगडा हुने नियमित प्रक्रिया जस्तो नै भएको उनी बताउँछन् । बाबालाई आमासँग झगडा नगर्नु भन्नु त परैजावस् झगडा हुदाँ आफू यताउता जाने गरेको बताउँछन् । 'केही छिनमा मिलिहाल्छन्, मिल्नु आमाको वाध्यता हो । किन बीचमा पर्नु जस्तो लाग्छ' उनले सुनाए ।

यति जवाफ दिएपछि उनीहरूले नै महिला अधिकारकर्मीहरूलाई प्रश्न गरे- घरको कुरा किन बाहिर ल्याउनु ? बाहिर ल्याउदा झन घरबार बिग्रिदैन ?' विद्यार्थीको प्रश्नको उत्तर दिन अधिकारकर्मी बस्नेतले भर्खरै कंचनपुरमा भएको घटना सुनाउन पऱ्यो । तपाईहरू जस्तै कलेज पढ्ने कञ्चनपुरको दैजी गाविस-७ हात्तीथलाका रमेश धामी पनि महिनौदेखि बाआमाबीच झगडा हुदा यताउता लाग्थे । रक्सी पिएर आउने उनका बुवा चन्द्रबहादुर धामीले .आमा पार्वती धामीलाई कुटपिट गर्दा साथीभाइसँग खेल्न निस्कन्थे । झगडा बढ्दै जाँदा उनलाई लाग्यो 'अब चुप लागेर बस्नु हुदैन ।' उनी माइती नेपाल कञ्चनपुरमा आएर उजुरी दिए । उजुरी दिएर घर फर्किदा उनकी आमा बेहोस् थिइन । उनका बुवाले निर्घात कुटपिट गरेका थिए । बन्चरोको पछाडिको भागले मुखमा हिर्काएपछि दाँतसँगै माथिल्लो गिँजाको हड्डी भाँचिएको छ । 'समयमै सचेत भएको भए यस्तो हुन्थ्यो त ?' अधिकारकर्मी बस्नेतले अर्को प्रश्न गरिन् । यति भन्दा भने विद्यार्थी झस्किएँ । अब यसरी नै सबैलाई झस्काउने र झस्किने बेला आएको अधिकारकर्मी भागवती थापा बताउँछिन् । घरमा, परिवारमा हिंसा न्यूनीकरणका लागि बालबालिकासँगै स्कुल, कलेज र क्याम्पस पढ्ने विद्यार्थीको भूमिका अहम हुने अधिकारकर्मीको भनाई छ ।

उच्च शिक्षामा अध्ययरत विद्यार्थीले पनि महिला हिंसा तथा घरेलु हिंसालाई सामान्य रूपमा लिएको देखेपछि अधिकारर्मी चकित परेका छन् ।

बा, दाजु र भिनाजुले गल्ती गर्दैछन् भन्ने थाहा पाउँदा पाउँदै पनि कलेज तथा क्याम्पस पढ्ने विद्यार्थी समेत आमा, भाउजू र दिदीलाई कुटेको हेरिरहन्छन् । कसैले पनि झगडा साम्य पार्दैनन् । बा, दाजु र भिनाजुसँग नकुट्नुस भन्न सक्दैनन् । गल्ती गर्दै हुनुहुन्छ भन्दैनन् । बरू बाको आमासँग, दाइको भाउजूसँग, भिनाजुको दिदीसँग झगडा पर्दा युवाहरू पन्छिन्छन् । यताउँता लाग्छन् । सुनेको पनि नसुेन जस्तो गरेर झमेलाबाट टाढा भाग्छन् ।

**महिला विकास कार्यालय कंचनपुरकी संरक्षण अधिकृत मेनुका बस्नेतका अनुसार पीडित महिलाहरूले उजुरी दिने क्रम बढेको भएपनि प्रतिकारमै उत्रिन भने सकेका छैनन् । कानूनी प्रक्रिया लामो र कडा कारवाही नहुने भएको हुंदा पीडितको मनोबल कमजोर हुने गरेको उनको भनाई छ ।**

जुनसुकै विद्यालय तथा कलेजका विद्यार्थी पनि घरेलु हिंसा, महिला माथिका हिंसालाई सामान्य रूपमा लिने गरेको पाइएपछि अधिकारकर्मी एवं कानून व्यवसायी पूनम चन्दले भन्छिन्- 'विद्यार्थीलाई यो गलत हो, गलत हुदैछ भन्ने त थाहा छ तर सहनु पर्छ भन्ने मनोवृत्ति रहेको पाइन्छ, घरेलु हिंसा नियन्त्रणका लागि यस्तो मनोवृत्ति पनि समस्या नै हो ।'

स्कुल, कलेज र क्याम्पसका विद्यार्थीको भूमिका सहने मात्रै हुदै आएको हिंसामा परेका महिलाहरू पनि बताउँछन् । 'क्याम्पस पढ्ने छोरो पनि केही बोल्दैन, उसका बुवाले रक्सी खाएर गाली गर्दा बाहिर निस्कन्छ । छिमेकीको घरमा जान्छ'- भुजेलाकी मानमती साउँदले भनिन्- 'किन यस्तो गर्छौ बाबु भन्दा रक्सीको नसा उत्रिएपछि ठिक भइहाल्लान भन्छ ।'

लेखपढ गरेका छोराछोरीले 'यस्तो नगर्नुस्' भन्ने हो भने स-साना कुरामा झै-झगडा गर्नेहरू सुध्रिन सक्छन् । दैजीकी पार्वती धामी भन्छिन्- 'कहिले काँही छोराले रिसाएर बोल्दा उसको बुवा चुप लाग्छ ।'

जिल्ला प्रहरी कार्यालय कंचनपुरको महिला सेलका अनुसार महिलासँग सम्बन्धित हिंसाका घटना गत वर्षको तुलनामा यो वर्ष बढेका छन् । कुटपिट, झैझगडा, घरेलु हिंसा लगायतका घटना गत वर्ष ८३ मात्र दर्ता भएका थिए भने यस वर्ष एक सय १६ पुगेका छन् । त्यस्तै बहुबिबाहका घटना गतवर्ष २ मात्रै थिए भने यो वर्ष ५ पुगेका छन । गत वर्ष मानव बेचविखनको एउटा घटना आएको थियो भने यो वर्ष २ वटा पुगेको छ । त्यसैगरी जवरजस्तिकरणीका घटना पनि गत वर्ष ११ थिए भने यो वर्ष १४ पुगेको महिला सेलको तथ्याङ्क छ । महिला सेल इन्चार्ज प्रहरी सहायक निरीक्षक शारदा क्षेत्रीका विचारमा कारवाही प्रक्रिया फितलो भएकोले प्रभावकारी हुन सकेको छैन । महिला हिंसाका घटनामा पक्राउ गरेर ल्याउन नमिल्ने र चिठ्ठी काटेर बोलाउनु पर्ने भएकोले कतिपय पीडकहरू समयमा नआइदिने गरेकोले झञ्झटिलो भएको उनको भनाई छ ।

महिला विकास कार्यालय कंचनपुरकी संरक्षण अधिकृत मेनुका बस्नेतका अनुसार पीडित महिलाहरूले उजुरी दिने क्रम बढेको भएपनि प्रतिकारमै उत्रिन भने सकेका छैनन् । कानूनी प्रक्रिया लामो र कडा कारवाही नहुने भएको हुंदा पीडितको मनोबल कमजोर हुने गरेको उनको भनाई छ । जसका कारण पीडित महिला स्वयंम पनि कानूनी प्रक्रियामा लामो समयसम्म हिडिराख्न सक्दैनन र महिलाहिंसाका घटना अदालत नपुगेरै सहमतिमै टुङ्गिन्छन् । सहमतिमा टुङ्गिदा पीडतकहरूले माफी माग्ने, यस्ता घटना नदोहोऱ्याउने प्रतिबद्धता गर्ने, उपचार गरिदिने र सामान्य क्षतिपूर्ति दिने कुरामै सिमित रहेको अधिकारकर्मीहरू बताउँछन् ।

घरेलु हिंसाका घटना बढ्दै जानु र कानूनी उपचार पनि झञ्झटिलो भएको हाम्रो समाजमा हिंसा घटाउन घरभित्रैका सदस्य सक्रिय हुदा समस्या घटाउन सजिलो हुन सक्छ । तर लेखपढ गरेका, शिक्षित मानिएका उच्च मावि तथा क्याम्पसका विद्यार्थीले समेत घरेलु हिंसाका घटनालाई 'लोग्नेस्वास्नीको झगडा' ठान्ने गरेका छन् । अधिकारकर्मी थापा भन्छिन्- 'घरेलु हिंसा समान्य कुरा होइन, यसले परिवार नै भताभुङ्ग पार्छ भन्ने चेतना जगाउनु आवश्यक छ ।'

युगौंदेखि महिलामाथि हुने हिंसालाई सामान्य मान्दै महिलाले सहनुपर्छ पर्छ भन्ने मान्यता बनाएकाले नै उच्च शिक्षा पढिरहेका विद्यार्थीहरू पनि घरेलु हिंसालाई समस्या ठान्दैनन । आफ्नो परिवार र छरछिमेकमा भैरहने समस्याबारे युवा विवेक प्रयोग गर्न पनि उनीहरूमा घरेलु हिंसा समान्य होइन भन्ने चेत भर्नु जरूरी देखिन्छ ।

# किसान र कृषि क्रान्ति

*महेन्द्र खड्का*

कृषि मानव जीवन, सभ्यता र संस्कृतिको आधार हो । जंगली अवस्थाबाट अगाडि बढेपछि मानव जातिले कृषि क्षेत्रलाई आफ्नो जिउने आधारस्तम्भको रूपमा उपयोग गर्‍यो । यसले कृषि युगको सुरुवात गर्नुका साथै मानव सभ्यताको विकास प्रारम्भ गर्‍यो । यसरी कृषि मानव सभ्यताको आधारस्तम्भको रूपमा स्थापित भयो । जंगली अवस्थाबाट कृषि युगमा प्रवेश गरेपछि सभ्यताले फड्को मार्दै आजको सुसंस्कृत र सभ्य समाजको निर्माण हुन पुग्यो । यसर्थ मानव जीवन र सभ्यताको विकासमा कृषिको महत्वपूर्ण भूमिका रहेको छ । कृषिले मानिसलाई बाँच्नका लागि आहार प्रदान गर्छ । मानवजीवनका न्यूनतम आवश्यकता गाँस, बास र कपासको परिपूर्तिको लागि कृषिको महत्व सर्वविदितै छ । औद्योगिक विकासका लागि कच्चापदार्थको आपूर्ति गर्ने मुख्य स्रोत पनि कृषि हो । त्यसलै समस्त राष्ट्र र मानव समाजको चौतर्फी उन्नति, प्रगति र विकासमा कृषिको भूमिका सबैभन्दा उच्च छ । किसानको कडा मिहिनेत र परिश्रमले नै यो संसारलाई बचाइराखेको छ ।

**नेपाली कृषिको अवस्था**

नेपाल एक कृषिप्रधान देश हो । यहाँको कुल जनसंख्याको ६५.७ प्रतिशत प्रत्यक्ष र थप १०-१५ प्रतिशत परोक्ष रूपमा कृषि पेसामा आश्रित छ । कुल गार्हस्थ उत्पादनको एकतिहाइ भाग ओगट्ने कृषि क्षेत्र नेपालको राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो । विश्वको मानचित्रमा क्षेत्रफलको हिसाबले सानो भएर पनि हाम्रो देश भौगोलिक विविधताले भरिपूर्ण, जैविक विविधताले सम्पन्न र जलस्रोतको धनी राष्ट्र हो । हाम्रो देशमा हिमाल, पहाड, तराई र भित्री मधेस गरी चार प्रकारको भू-धरातलीय अवस्थिति छ भने सोहीअनुरूप अनेकौं प्रकारका जलवायु, पर्यावरणीय क्षेत्र र पारिस्थितिकीय प्रणाली (इकोसिस्टम) छन् । यस्ता क्षेत्रको भूधरातलीय यथार्थमा आधारित भई व्यावसायिक रूपमा धेरै प्रकारका खाद्यबाली, फलफूल, नगदेबाली र जडिबुटी उत्पादन गर्न सकिने, अनेकौं प्रकारका पशु तथा पक्षीपालन गर्न सकिने र कृषि उत्पादन गर्न सकिने सम्भावना छ । यसर्थ नेपाल कृषिका लागि प्रकृतिको वरदानतुल्य छ ।

मानव समाज एक्काइसौं शताब्दीमा पदार्पण गरिरहँदा नेपाल सामन्तवादबाट क्रमिक रूपमा पुँजीवादतर्फ संक्रमणको चरणमा छ । देशको विशाल ग्रामीण भूभागमा सामन्ती प्रकारको आर्थिक सम्बन्ध छ भने सीमित सहरी क्षेत्रमा दलाल तथा नोकरशाही पुँजीको बोलवाला छ, जसले गर्दा देशमा प्रगतिशील र अग्रगामी ढंगको पुँजीको विकास हुन सकिरहेको छैन । समग्र अर्थतन्त्रमा उत्पादनमूलक पुँजीको कमजोर उपस्थिति र दलाल पुँजीको बाहुल्य हुनुको प्रत्यक्ष असर कृषि क्षेत्रमा पनि परिरहेको छ ।

आजको युग भौतिक विकास परकाष्ठाको युग हो । यो विज्ञान र प्रविधिको युग हो । आज मानिसको जीवनका हरेक पक्षमा नयाँनयाँ प्रविधिको उच्चतम प्रयोग भइरहेको छ । मानवजीवनका हरेक पक्षलाई विभिन्न वैज्ञानिक प्रविधिले निरन्तर रूपमा आधुनिकीकरणको दिशामा लगिरहेका छन् । कृषि क्षेत्र पनि त्यसबाट छुट्ने कुरै भएन । नेपाली कृषि क्षेत्र क्रमिक रूपमा आधुनिकीकरण र व्यावसायीकरणतर्फ अग्रसर भइरहेको छ । त्यसका बाबजुद आजसम्म नेपालमा कृषि पेसा एक सम्मानजनक, आत्मनिर्भर र आकर्षक पेसाको रूपमा विकास भइसकेको छैन । यहाँ कृषि पेसालाई गरिब, निर्धा र विकल्पहीनहरूको बाध्यात्मक पेसाको रूपमा लिइन्छ ।

आधारभूत रूपमा नेपालको कृषि क्षेत्रमा परम्परागत र निर्वाहमुखी खेती प्रणाली विद्यमान छ । सामन्ती उत्पादन सम्बन्धको दबदबा छ । जीवनभर खेतबारीमा श्रम गर्ने, पसिना बगाउने र बाली उब्जाउने लाखौं किसान र कृषि श्रमिकको नाममा एक इन्च जमिन छैन भने

**सबै प्रकारका निर्वाचनमा किसानले 'कसलाई जिताउने' र 'कसलाई हराउने' निर्णायक भूमिका खेल्न सक्छन् । तर, आफूहरू भने सधैं राजनीतिक पार्टीका 'भोट बैंक' बनेर अरूको विजयोत्सव मनाउन विवश छन् । कहिल्यै पनि किसानलाई नीति निर्माण गर्ने ठाउँमा पुर्‍याउने कोसिस गरिँदैन ।**

कहिल्यै खेतबारीमा पाइला नहाल्ने सामन्त, जमिनदार र नोकरशाहको नाममा थुप्रै बिघा जमिन छ । देशका करिब ६५ प्रतिशत गरिब जनताको स्वामित्वमा जम्मा १० प्रतिशत कृषिभूमि छ भने करिब १० प्रतिशतको संख्यामा रहेका धनी किसान, सामन्त र जमिनदारसँग करिब ६५ प्रतिशत कृषिभूमि छ । जसको कारण एकापट्टि कामचोर सामन्तसँग ठूलो परिमाणमा जमिनको स्वामित्व छ भने श्रमजीवी किसान र कृषि मजदुर खान नपाएर भोकभोकै मर्नुपर्ने अवस्था छ । सामन्तवादको साथसाथै दलाल नोकरशाही पुँजीवादले पनि नेपाली किसानको चर्को शोषण गरिरहेको छ । नेपाली कृषिको औद्योगीकरणको प्रक्रिया उल्लेखनीय रूपमा अगाडि बढ्न सकेको छैन । देशको यो विशिष्ट सामाजिक-आर्थिक परिस्थितिले नेपालमा कृषि, कृषिजन्य र औद्योगिक पुँजीवाद यानेकि उत्पादनमूलक पुँजीवादको विकासलाई अवरूद्ध गरिरहेको छ ।

**नेपाली किसानको अवस्था :**

नेपालमा सामान्यतया 'किसान' भन्दा साथ एक गरिब, निर्धो, निमुखो, अशिक्षित र असभ्य मानिसको रूपमा हेरिन्छ । उनीहरूलाई सदासर्वदा घृणा, अपमान र अवहेलना गर्नुका साथै उनीहरूका न्यायोचित आवाजलाई निरन्तर रूपमा दमन गरिन्छ । सामन्ती शोषणको जाँतोमुनि सदिऔंदेखि पिसिंदै आएका नेपाली किसान अहिलेसम्म पनि चप्पल लगाउने मैलोधैलो वर्गको रूपमा परिचित र परिभाषित हुँदै यहाँको स्वघोषित बुद्धिजीवी र सुकिलोमुकिलो वर्गबाट निरन्तर शोषित, अपमानित, अवहेलित हुँदै ठगिँदै र पिल्सिंदै आएको छ ।

किसानले हरेक राष्ट्रिय र वर्गीय मुक्ति आन्दोलनमा सक्रिय सहभागिता जनाउँछन् । जनताका हक र अधिकार कुण्ठित हुँदा प्रत्येक आन्दोलनका मोर्चाको अग्रभागमा रहेर किसानले कमान्ड गर्ने र बलिदान दिने गर्छन् । तर, जब त्यस्ता आन्दोलन सफल हुन्छन्, त्यसपछि भने उनीहरूलाई सधैं अबुझ र अचेतन नागरिकको रूपमा तिरस्कृत गरिन्छ ।

नेपाली किसान नेपालको राष्ट्रिय राजनीतिका मुख्य चालक शक्ति हुन् । यो देशको समग्र परिवर्तन र विकासको स्रूरेखा किसानमा आधारित छ । सबै प्रकारका निर्वाचनमा किसानले 'कसलाई जिताउने' र 'कसलाई हराउने' निर्णायक भूमिका खेल्न सक्छन् । तर, आफूहरू भने सधैं राजनीतिक पार्टीका 'भोट बैंक' बनेर अरूको विजयोत्सव मनाउन विवश छन् । कहिल्यै पनि किसानलाई नीति निर्माण गर्ने ठाउँमा पुर्‍याउने कोसिस गरिँदैन । नेपालको राजनीतिक इतिहासमा आजसम्म अल्पसंख्यक मानिसले किसानविरोधी नीतिनिर्माण गरेर बहुसंख्यक किसानमाथि थोपरिरहेका छन् र तिनै किसानमारा नीतिनियमका आधारमा किसानमाथि शासन गरिरहेका छन् ।

धेरैजसो राजनीतिक पार्टीले आफ्ना किसान संगठनलाई बुढा, पाका र सोझा मानिस थन्क्याउने ठाउँ बनाएका छन् । दक्षिणपन्थी र पुँजीवादी मात्र नभई वामपन्थी दलमा समेत किसान संगठनको कामलाई पार्टीको काम नमान्ने, त्यसको महत्वलाई गौण बनाउने, चुनाव र आन्दोलनको घडीमा बाहेक महत्वपूर्ण जनवर्गीय संगठनको रूपमा गणना नगर्ने, किसान नेता/कार्यकर्तालाई पार्टीभित्रै अपमानित गर्ने र राष्ट्रिय महत्वका मञ्चबाट वञ्चित गर्नेजस्ता विसंगति देखिएका छन् । किसानको समावेशीकरणको कुरामा सबै मौन बसेका छन् । पार्टी र राज्यको नीति निर्माण गर्ने तहमा किसानको प्रतिनिधित्व सुनिश्चित गरिँदैन । आन्तरिक र बाह्य निर्वाचनमा किसानको अलग्गै सिट सुरक्षित गरिँदैन । कथंकदाचित त्यस्ता अवसर आए भने पनि तिनलाई 'किसानको छोरो' भएको दाबी गर्दै सुकिला/मुकिला गैरकिसानले नै उछिट्याउने गरेका छन् । यसरी देशको सबैभन्दा ठूलो जनवर्ग र महत्वपूर्ण शक्तिको रूपमा रहेका किसान सामाजिक, आर्थिक र राजनीतिक रूपमा उत्पीडित र सीमान्तीकृत भएका छन् ।

**उपसंहार :**

सामन्तवाद, दलाल, नोकरशाही पुँजीवाद, साम्राज्यवाद, विस्तारवाद, नवउदारवाद र नवऔपनिवेशवाद नेपाली किसानको उन्नति र प्रगतिका बाधक हुन् । यी नेपाली किसानलाई गरिबी, बेरोजगारी, अन्याय, अत्याचार, असमानता र पछौटेपनको अवस्थामा थिचिराख्ने ठूला पहाड हुन् । यिनलाई नपन्छाई नेपाली किसानको मुक्ति सम्भव छैन । वर्गीय मुक्तिविना नेपाली किसानको वास्तविक मुक्ति सम्भव छैन ।

यो सामन्ती संस्कृतिबाट जर्जर समाज र यसको वर्गीय संरचनाले कृषि पेसा र किसानलाई जति अपमान र अवहेलना गरे पनि कृषि बहुसंख्यक नेपाली जनताको जीवन र जीविकाको आधार हो, राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो । उत्पादक किसानलाई नसमेटी वर्तमान नेपालको राजनीति र शासकीय संरचना बदल्न सकिँदैन । मूलतः कृषि क्रान्ति सम्पन्न गरेर नै नेपालको जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा हुन्छन् र नेपाली किसानले यसमा मुख्य भूमिका खेल्नेछन् । उनीहरूको नेतृत्व र सक्रिय सहभागिताविना नेपालबाट सामन्तवादको समूल अन्त्य गरी पुँजीको विकास गर्ने र जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै साम्यवाद निर्माण गर्ने महान् कार्यभार पूर्ण हुन सक्दैन । सबै राजनीतिक दलका नेताले हेक्का राखून् ।

## vjhsb

### नेपाल नेदरल्यान्डसँग पराजित

काठमाडौं । आइसिसी टी-२० विश्वकप छनोट प्रतियोगितामा नेपालले दोस्रो पराजय बेहोरेको छ । नेपाल बुधबार भएको खेलमा नेदरल्यान्डसँग ५ विकेटले पराजित भयो । पराजयसँगै प्रतियोगिताको समूह 'बी'मा रहेको नेपाल तेस्रो स्थानमा झरेको छ । नेपालको ५ खेलबाट ६ अंक छ । नेपाललाई पराजित गर्दै समान खेलबाट सर्वाधिक ८ अंक जोडेको नेदरल्यान्ड भने शीर्ष स्थानमै यथावत् छ । नेपाललाई दोस्रो स्थानमा अफगानिस्तानले उछिनेको हो । एक खेल कम खेलेको अफगानिस्तानको ६ अंक छ । रनरेटमा राम्रो भएपछि अफगानिस्तानले दोस्रो स्थानमा रहेको नेपाललाई उछिन्यो । नेपालले यसअघि डेनमार्क, केन्या र पपुवा न्युगिनीलाई पराजित गरेको थियो ।

स्कटल्यान्डसँग भने पराजित भएको थियो । नेदरल्यान्डसँगको हारसँगै नेपाललाई दोस्रो चरणमा प्रवेश गर्न अब बाँकी दुई खेलमा जित हात पार्नुपर्ने दबाब बढेको छ । नेपाले शुक्रबार अफगानिस्तान तथा शनिबार बर्मुडासँग खेल्नेछ । टी-२० क्रिकेटमा नेदरल्यान्डविरूद्ध नेपालको यो दोस्रो पराजय हो । ०६८ चैतमा युएईमै भएको विश्वकप छनोट प्रतियोगितामै नेपाल नेदरल्यान्डसँग ६ विकेटले पराजित भएको थियो ।

दुई वर्षअघि पहिलो भेटमा नेपाललाई ८५ रनमै समेट्दै नेदरल्यान्डले १३.५ ओभरमै जित हात पारेको थियो । दुई वर्षपछिको पुनः आमनेसामने हुँदा नेदरल्यान्ड नै उत्कृष्ट ठहरियो । नेदरल्यान्डविरूद्ध नेपालले गतिलो ब्याटिङ प्रदर्शन गर्न सकेन । दुबईको सारजहाँ क्रिकेट रंगशालामा टस हारी पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १०७ रन मात्र जोड्यो । नेदरल्यान्डविरूद्ध कुनै पनि नेपाली ब्याट्सम्यान चल्न सकेनन् ।

प्रत्युत्तरमा नेदरल्यान्डले १६.२ ओभरमा ५ विकेट खर्चेर लक्ष्य पार गर्‍यो । नेदरल्यान्डका लागि स्टेफन मिबर्घले सर्वाधिक ३१ रन जोडे । इरिक स्जस्जिस्की २१ रनमा नट आउट रहे । इरिकले २८ बलमा १ चौका प्रहार गरेका थिए । स्टेफनले २० बलमा ५ चौका तथा १ छक्का प्रहार गरेका थिए ।

नेपालको ब्याटिङमा उपकप्तान ज्ञानेन्द्र मल्लले सर्वाधिक ४४ रन तथा विनोद भण्डारीले २९ रन जोडे । ज्ञानेन्द्र र विनोदले चौथो विकेटका लागि सर्वाधिक ६० रनको साझेदारी गर्दै नेपाली इनिङ सम्हालेका थिए । ५५ बल खेलेका ज्ञानेन्द्रले समान एक छक्का र चौका प्रहार गरे । यस्तै विनोदले २६ बलमा दुई चौका तथा एक छक्का प्रहार गरे । अघिल्लो दिन विनोदले पपुवा न्युगिनीविरूद्ध विस्फोटक उत्कृष्ट ब्याटिङ गरेका थिए । नेपालले नेदरल्यान्डविरूद्ध अघिल्लो तीन ओभरमा सन्तोषजनक ब्याटिङ प्रदर्शन गरेको थियो । पहिलो ओभरमा ६ रन जोडेको नेपालले दोस्रो ओभरमा ८ रन तथा तेस्रो ओभरमा ९ रन लिएको थियो । नेपालले तेस्रो ओभरको अन्त्यमा एक विकेट गुमाएर २६ रन जोड्यो । नेपालले पहिलो विकेटका रूपमा सागर पुनलाई ६ रनमा गुमाएको थियो । सागरले ५ बलमा एक चौका प्रहार गरेका थिए ।

बलिङतर्फ नेपालका वसन्त रेग्मीले ३ विकेट लिएका थिए । चार ओभर बलिङ गरेका वसन्तले १२ रन खर्चेका थिए । त्यस्तै शक्ति गौचन र कप्तान पारसले पनि १-१ विकेट लिए । दुई-दुई ओभर बलिङ गरेका अमृत भट्टराई र जितेन्द्र मुखिया विकेटविहीन रहे । यस्तै सागर पुनले एक ओभर बलिङ गरेका थिए । नेदरल्यान्डका मुदासर बुखारीले नेपालको तीन तथा अहसन जमिलले दुई विकेट लिएका थिए ।

### फिफा वर्ष खेलाडीमा रोनाल्डो अघि

पोर्चुगलका स्ट्राइकर तथा कप्तान क्रिस्टियानो रोनाल्डो फिफा बालोन डिओर अवार्डमा अगाडि रहेका छन् । विश्व फुटबलको सर्वोच्च संस्था फिफाले बुधबार वर्ष खेलाडीको समयावधि बढाएपछि रोनाल्डो अगाडि रहेको ब्रिटिस मिडियाले जनाएका छन् ।

मंगलबार राति पोर्चुगलले स्विडेनलाई ३-२ ले हराउँदै अर्को वर्ष ब्राजिलमा हुने विश्वकप फुटबल प्रतियोगिताको टिकट पक्का गर्दा रोनाल्डोले ह्याट्रिक गरेका थिए । विश्वकप छनोटमा खेलाडीको प्रदर्शन उत्कृष्ट हुँदै गएपछि फिफाले वर्ष खेलाडीको भोटिङ समयावधि बढाइएको हो ।

'वर्ष खेलाडीको भोटिङ २९ नोभेम्बरसम्म हुनेछ,' बुधबार फिफाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । फिफाका अनुसार आउने शुक्रबार अन्तिम भोटिङ समय हो ।

फिफा वर्ष खेलाडीमा साबिक चारपटकका विजेता मेसी, बायर्न म्युनिखका फ्रयांक रिबेरी, रियल म्याड्रिका ग्यारेथ बेल तथा बार्सिलोनाका नेमार प्रमुख दाबेदार खेलाडी हुन् । बायर्न म्युनिखका रिबेरीले गत सिजनमा क्लबलाई युरोपियन च्याम्पियन लिग, बुन्डेस लिग, तथा जर्मनी कप उपाधि दिलाउँदा गोल मेसिनका रूपमा योगदान दिएका थिए ।

ब्राजिलका युवा खेलाडी यसै सिजन मात्रै बार्सिलोनामा कीर्तिमानी पाँच करोड ६० लाख पाउन्डमा अनुबन्धित भएका थिए । चार महिनाअघि ब्राजिलले कन्फडेरेसन कप जित्दा नेमारले निर्णायक भूमिका निर्वाह गरेका थिए । फिफासँग आबद्ध २०९ फुटबल राष्ट्रका कप्तान, प्रशिक्षक तथा पत्रकारले शुक्रबारसम्म भोटिङ गर्नुपर्छ ।

फिफा वर्षका पूर्वखेलाडी रोनाल्डोले सन् २००८ मा अन्तिमपटक उपाधि जितेका थिए । सो यता अर्जेन्टिना तथा बार्सिलोनाका प्ले मेकर लियोनल मेसीले वर्ष खेलाडीमाथि आफ्नो आधिपत्य जमाएका छन् । पोर्चुगलले स्विडेनबीचको पहिलो प्ले अफमा १-० को अग्रता लिएको थियो ।

गत महिना फिफा अध्यक्ष सेप ब्लाटरले अर्जेन्टिनाका मेसीले पाँचौंपटक फिफा वर्ष खेलाडी हुने दाबी गरेका थिए । तर, रोनाल्डोले पोर्चुगललाई विश्वकपमा पुर्‍याएपछि वर्ष खेलाडी निकै प्रतिस्पर्धा हुने ब्लाटरले बताए । एक महिनापछि आफ्नो भनाइ फेरेका ब्लाटरले रोनाल्डो र मेसीमध्ये एक विजेता हुने बताए ।

'अघिल्लो रातको प्रदर्शन हेर्दा रोनाल्डो नै अगाडि देखिन्छन् तर मेसी पनि दाबेदार नै हुन्,' ब्लाटरले भने, 'फिल्डमा रोनाल्डोको कमान्ड गजबको छ, उनको नेतृत्वमै पोर्चुगल विश्वकपमा छनोट भएको हो ।' ब्रिटिस मिडियाहरु रोनाल्डोप्रति आकर्षित भएको देखिन्छन् ।

# गोरखामा सुन्तला उत्पादन घट्ने

गोरखा । सुन्तलाको फल राम्रो नलागेपछि यो वर्ष जिल्लामा उत्पादन घट्ने भएको छ । अघिल्ला वर्षजस्तो अहिले उत्पादन राम्रो नभएको ताङ्लिचोकका सुन्तला किसान श्यामविलास लामिछानेले बताए ।

उनले भने, 'केही किसानका बगैंचामा पहिलेजस्तै फल लागे पनि अधिकांशका सुन्तलाबारीमा कम उत्पादन हुने देखिएको छ ।' अघिल्लो वर्ष दुई करोड सुन्तला बिक्री भएको ताङ्लिचोकमा यो वर्ष ८० लाखसम्म मात्रै सुन्तला बिक्री हुने अनुमान जिल्ला कृषि विकास कार्यालयको छ ।

लामिछानेले भने, 'अघिल्ला वर्षमा अढाई करोड रुपैयाँको सुन्तला बेच्यौं, अहिले उत्पादन कम भएकाले ६० देखि ८० लाखसम्म मात्र बिक्री गर्ने आशमा छु ।' किसानले सुन्तलामा लागेको रोग पहिचान हुन नसक्दा पूरै बगैंचाका सुन्तला बोट पहेँलिएर मरेपछि उत्पादन घट्ने देखिएको हो ।

हाल ताङ्लिचोकमा २५ प्रतिशत सुन्तला उत्पादन भएको लामिछानेले बताए । त्यस्तै, सुन्तला उत्पादनको पकेट क्षेत्र धुवाँकोटमा पनि अघिल्ला वर्षजस्तो सुन्तला नफलेको किसानले बताएका छन् । धुवाँकोटकी किसान मैयाँ सेढाईंले भन्छिन्, 'अघिल्ला वर्षमा सुन्तला बेचेर घर खर्च टार्दै आएकी थिएँ । यो वर्ष घरखर्च टार्न ज्यालामजदुरी गर्नुपर्ने अवस्था आएको छ ।'

यो वर्ष १० प्रतिशतसम्म सुन्तला उत्पादन घट्ने जिल्ला कृषि विकास कार्यालयको अनुमान छ । फूल फुल्ने वेलामा परेको लामो खडेरी, पात, जरा कुहिने समस्याका कारण किसानको लगानी उठ्न नसक्ने अवस्था आएको कार्यालयका वागवानी विकास अधिकृत ठाकुरप्रसाद देवकोटाले जानकारी दिए । यो वर्ष सुन्तला पाक्न सुरु भइसकेको कार्यालयले जनाएको छ ।

देवकोटाले भने, 'सुन्तलामा औंसा पार्ने किराले नोक्सान गरेको छ भने पतेराले सुन्तला झरेको छ ।' अघिल्लो वर्ष गोरखामा २१ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो ।

जिल्लाको ९ सय ९८ हेक्टरमा सुन्तला खेती हुने सरकारी तथ्यांक भए पनि ७ सय ४५ हेक्टरमा मात्रै खेती हुँदै आएको देवकोटाले बताए । यस्तै, ३२ हेक्टरमा जुनार, ६९ हेक्टरमा कागती, ४ हेक्टरमा ज्यामिर र केही मात्रामा अन्य फलफूल खेती हुने गरेको कार्यालयले जनाएको छ ।

गोरखाको ताङ्लिचोक, घैरुङ, मकैसिङ, फुजेल, ताक्लुङ, मनकामना, नारेश्वर, आँपपिपल, मसेललगायत गाविसलाई सुन्तला उत्पादन पकेट क्षेत्र मानिने गरेको छ ।

## /Elg va/



# अनु अब गायिका

काठमाडौं । नायिका अनु शाहले गायनतिर पनि पाइला सारेकी छिन् । 'द युगदेखि युगसम्म'बाट अभिनय यात्रा सुरु गरेकी अनुले हालै 'सकस' चलचित्रको एउटा गीत गाएकी हुन् ।

गायनमा सानैदेखि रुचि भए पनि अहिले एउटा गीतबाट 'ट्राई' गरेको उनले बताइन् । 'गाउन त सानैदेखि रहर लाग्थ्यो, तर गीत रेकर्ड नै गराउने मौका भने बल्ल मिल्यो,' उनले भनिन्, 'झन्डै एक महिनाको अभ्यासपछि रेकर्डिङमा पसेको हुँ ।' एनबी महर्जनको निर्देशनमा बनेको चलचित्र 'सकस'मा अनुले खुसी नै खुसी छु जिन्दगी बोलको आइटम गीत गाएकी छिन् । चेतन सापकोटाको संगीत रहेको सो गीत कुनै व्यावसायिक गायिकाले गाएकोभन्दा कम नभएको दाबी चेतनले गरेका छन् ।

मौनता श्रेष्ठ र अक्कल सिंहले चलचित्र हाल पोस्ट प्रोडक्सनमा छ । गीत बजारमा आएपछि गायिकाको रूपमा समेत आफ्नो परिचय स्थापित हुने विश्वास अनुको छ ।

गाउन कोसिस गरे पनि आफ्नो मूल पेसा भने अभिनय नै रहने अनुले स्पष्ट पारिन् । मौका मिलेसम्म गायनमा पछि नपर्ने र भविष्यमा एकल एल्बम निकाल्ने सुर अनुको छ ।

# गायनसँगै अभिनयमा उत्तम

सुनसरी । गायन र अभिनयलाई सँगसँगै अघि बढाउने प्रतिभाको सूचीमा थपिएका छन्, उत्तमजंग लिम्बु । गायनमा चर्चा कमाइरहेका उत्तम अहिले चलचित्र अभिनयतर्फ आकर्षित भएका छन् ।



झापाका मेचीनगरका उत्तम ०६६ मा नेपाल टेलिभिजनले गरेको गायन प्रतिभा खोज्ने प्रतियोगितामा फस्ट रनरअप भएका थिए । त्यसपछि उनले प्रीतिको फूल र मायाको बारीमा चलचित्रमा शीर्ष गीत गाए । ती गीतले उनलाई पार्श्वगायकको रूपमा चिनाए । अहिलेसम्म दुई दर्जन जति चलचित्रमा आफ्नो स्वर दिइसकेका उनले अभिनयमा पनि दख्खल राखेका छन् ।

महसुस नामक कलेक्सन एल्बम निकालेका उत्तमले त्यसपछि एकल एल्बम गोल्डेन टच स्रोतामाझ पस्किए । तर, अर्थ अभावका कारण पर्याप्त पब्लिसिटी गर्न नसकेकाले आफ्नो एल्बमका गीत नचलेको ठम्याइ उनको छ । खोजी प्रतिभाको छनोटमा परेपछि गुरुदेव कामतसंग दुई वर्षसम्म शास्त्रीय संगीतको प्रशिक्षण लिएका उनी पुनः एल्बम निकाल्ने योजनामा छन् । उनको एल्बममा हरि लम्साल, ताराप्रकाश लिम्बु, राज शुक्र र आफ्नोसमेत संगीतका ६ वटा गीत रहने उनले बताए ।

गायनसँगै उत्तमले इराकमा मारिएका नेपाली युवाको दर्दनाक घटनामा आधारित अरूण प्रधानले निर्माण गरेको चलचित्र १२ नेपाली एक चिहानमा मंगल लिम्बुको चरित्र निर्वाह गरेका छन् । आफूलाई अभिनय गर्ने सोख भएकाले पाइला बढाएको उनले बताए । त्यसबाहेक उनले तराई र त्यहाँका युवाहरूको विषयमा बनेको रिसर्ज बेसको छोटो चलचित्र सङोरमा पनि अभिनय गरेका छन् । तर, उनी गायनलाई नै मूल पेसा बनाउने ध्याउन्नमा छन् । यथार्थपरक विषयका चलचित्रमा मात्रै अभिनय गर्ने सोच उनको छ ।

# उजनको तनाव




काठमाडौं । गायक उजन नेम्बाङले आफ्नो तेस्रो एल्बम 'तनाव' श्रोतामाझ ल्याएका छन् । पाँच वर्षअघि पहिलो एल्बम 'फ्रेन्डसिप'मार्फत सांगीतिक दुनियाँमा प्रवेश गरेका उजनले त्यसपछि 'अन्तराल' ल्याएका थिए ।

'अन्तराल'का गीतले चर्चा पाएकाले हौसिएका उनले 'तनाव' ल्याएका हुन् । 'तनाव'का गीतले श्रोताको तनाव भगाउने दाबी उनको छ । उनले एल्बम तयार पार्दा आफूले निकै तनाव बेहोरेको भए पनि श्रोताका लागि भरपुर मिहिनेत गरेर गीत तयार पारेको बताए । एल्बममा गौरादहको बजारैमा, मेरो आँसु झर्दा, माया गरेर आत्ममा राखें, डुब्दै छु म र रिङकेबुङको राँगालगायत बोलका सातवटा गीत छन् ।

'तनाव'मा ताराप्रकाश लिम्बू, उजन नेम्वाङ, सीताराम ताजपुरिया, सुरेश राई, रोशन लामा र सुनील बर्देवाको संगीत छ भने सीताराम ताजपुरिया, उजन र शक्ति नेपालको शब्द छ ।

## skt/6

# रावा बैंकको नाफा करिब २६ करोड

काठमाडौं । सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकले चालू आवको पहिलो त्रैमासिकमा २५ करोड ९२ लाख ७६ हजार रुपैयाँ नाफा आर्जन गरेको छ । गत आवको सोही अवधिमा बैंकले २० करोड ८ लाख ६३ हजार रुपैयाँ नाफा कमाएको थियो ।

चालू आवको असोज मसान्तसम्म बैंकले ९२ अर्ब ७८ करोड १५ लाख निक्षेप संकलन गरी ४८ अर्ब ६५ करोड ६० लाख रुपैयाँ कर्जा प्रवाह गरेको जनाएको छ । बैंकले गत वर्ष असोज मसान्तमा ६.९५ प्रतिशत रहेको खराब कर्जा १.४० प्रतिशत घटाएर चालू असोजमा ५.५५ प्रतिशतमा सीमित गरेको छ ।

# डाबर सुपर साल्ट टुथपेस्ट बजारमा

काठमाडौं । डाबर नेपालले ओरल केयर पोर्टफोलियो विस्तारका लागि डाबर सुपर सल्ट टुथपेस्ट बजारमा ल्याएको छ । कम्पनीले नुनको गुणयुक्त डाबर सुपर साल्ट टुथपेस्ट बिक्री सुरु गरेको हो । कम्पनीले बजारमा ल्याएको टुथपेस्ट थप विश्वसनीय जडीबुटीको समायोजन गरी उत्पादन गरिएको जनाएको छ ।

कम्पनीका बजार व्यवस्थापन प्रमुख अभयप्रसाद गोर्खालीले डाबरको प्राकृतिक उत्पादनप्रतिको प्रतिबद्धताअनुरूप नेपाली उपभोक्ताको चाहनाअनुसार उच्च गुणस्तरीय प्राकृतिक उत्पादन बजारमा ल्याइएको बताए ।

कम्पनीले डाबर सुपर साल्ट टुथपेस्टको हरेक ८० र १७५ ग्रामको प्याकमा टुथब्रस फ्री उपलब्ध गराउनेछ । डाबर सुपर साल्ट टुथपेस्ट ४० ग्राम, ८० ग्राम र १७५ ग्राममा क्रमशः २०, ३५ र ७० रुपैयाँमा बजारमा उपभोक्ताले खरिद गर्न सक्ने कम्पनीले जनाएको छ ।

# नेपाल बैंकको वार्षिकोत्सव

काठमाडौं । सरकारी स्वामित्वको नेपाल बैंकले गत शुक्रबार ७७औं वार्षिकोत्सव सम्पन्न गरेको छ । कार्यक्रममा बैंक व्यवस्थापन समिति संयोजक प्राडा देवराज अधिकारीले नेपालमा संस्थागत बैंकिङ सेवा सुरु गर्न र सामाजिक बैंकिङ तथा आधुनिक बैंकिङ सेवामार्फत नेपालीमा बचत गर्ने बानी बसाल्ने जिम्मेवारी नेपाल बैंकले बहन गरेको बताए ।

उनले नेपालमा बैंकिङ इतिहास निर्माण गरेको बैंकले ७ दशकदेखि देशभित्र र संसारभर छरिएर रहेका नेपाली तथा विदेशी उद्यमी, व्यवसायी एवं निक्षेपकर्तालाई अविच्छिन्न रूपमा बैंकिङ तथा वित्तीय सेवा उपलब्ध गराउँदै आएको जानकारी दिए ।

कार्यक्रममा बैंक व्यवस्थापन समूहका संयोजक महेश्वरलाल श्रेष्ठले बैंकको चुक्ता पुंजी ३८ करोडबाट बढाएर ३ अर्ब ९७ करोड पुऱ्याउन सफल भएको हकप्रद सेयर लिलाम बढाबढबाट सेयर बिक्री गर्दा सेयर प्रिमियमबापत ९ करोड संकलन भएको बताए ।

कार्यक्रममा बैंकको आव ०६८ ।६९मा निक्षेप ५६ अर्ब ५ करोड रहेकोमा गत आवमा ६२ अर्ब ९८ करोड निक्षेप संकलन भएको जानकारी दिइएको थियो । त्यसैगरी अघिल्लो आवमा ०६८ ।६९ मा बैंकले १७ करोड ६३ लाख मुनाफा आर्जन गरेको थियो ।

# सांग्रिलाको नाफा डेढ करोड

कास्की । पोखरामा मुख्य कार्यालय रहेको सांग्रिला विकास बैंकले आव ०७०।७१ असोजमसान्तमा १ करोड ५४ लाख नाफा आर्जन गरेको जनाएको छ । चालू आवको पहिलो तीनमहिने अवधिमा ३ अर्ब २८ करोड निक्षेप संकलन तथा २ अर्ब ८१ करोड कर्जा लगानी गरी मुनाफा आर्जन गरेको बैंकका कामु प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले जानकारी दिए । चुक्ता पुंजी ३२ करोड रहेको बैंकका विभिन्न स्थानमा गरी १३ शाखा सञ्जाल छन् ।

# पोखरा फाइनान्सको साधारणसभा

कास्की । पोखरामा मुख्य कार्यालय रहेको पोखरा फाइनान्सको १७औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले आगामी ४ वर्षका लागि संस्थापक सेयरधनीका तर्फबाट ४ र सर्वसाधारण सेयरधनीबाट २ गरी ६ सञ्चालक निर्विरोध निर्वाचित गरेको प्रमुख कार्यकारी अधिकृत राजकुमार गुरुङले जानकारी दिए ।

निर्वाचित हुने संस्थापक सेयरधनीमा भुवनसिं गुरुङ, सुन्दर गुरुङ, अर्जुनकुमार गुरुङ र डा. दीर्घमान गुरुङ रहेका छन् । त्यस्तै, सर्वसाधारण सेयरधनीबाट डा. दीपेन्द्रकुमार गौतम र सुश्री माया गुरुङ चुनिएका छन् । साधारणसभामा कम्पनी अध्यक्ष भुवनसिं गुरुङले पेस गरेको आव ०६९ ।७०को वार्षिक प्रतिवेदन पारित भएको थियो । अधिकृत पुंजी ९४ करोड तथा चुक्ता पुंजी ३१ करोड २० लाख रहेको कम्पनीका विभिन्न स्थानमा गरी ४ शाखा सञ्चालनमा छन् ।

# नूनमा खुन

काठमाडौं । साल्ट ट्रेडिङले जिम्मा लिएको नून आपूर्ति व्यवस्थापन भ्रष्टाचारले चरमराउन पुगेको छ । नूनमा खुन अथवा नूनमा पनि भ्रष्टाचार गरेर साल्ट ट्रेडिङले आफूलाई भ्रष्टाचार ट्रेडिङका रूपमा दर्ता गरेको छ ।

त्यसो त साल्ट ट्रेडिङभित्र भएका भ्रष्टाचारका सम्बन्धमा कर्मचारीहरूले नै एक सय २० थान सप्रमाण उजुरी दर्ता गराउँदा पनि व्यवस्थापक बनेकी महिलाले एमाओवादीका अध्यक्ष प्रचण्डको राजनीतिक दबाब दिन लगाएर कारबाही रोकाउन सफल हुँदै आएकी छिन् । लोकमानसिंह कार्की प्रमुख भएर आएपछि साल्ट ट्रेडिङको फाइल खुल्न लागेको सुइँको पाएर उनले फेरि दबाब दिन लगाएर साल्ट ट्रेडिङको फाइल खोल्नबाट रोकेकी स्रोतहरूले बताएका छन् । सुरुमा साह्रै सक्रिय भएर सुशासनको प्रत्याभूति दिन थालेको अख्तियार अध्यागमन, वैदेशिक रोजगार विभाग र श्रमका कर्मचारीलाई रंगे हात पक्राउ गरेर थुने पनि उनीहरूलाई दशैं अघि छोड्न बाध्य भएपछि अख्तियारको सक्रियता शिथिल हुन पुगेको छ । यसैको फाइदा उठाएर साल्ट ट्रेडिङ नूनमा खुन गरिरहेको छ ।

## सुन्नैपर्छ...

गर्न गए, मतदान गरे र यही माध्यमबाट आतंक अस्वीकार गरिदिए ।

वैद्यले आतंक फैलाउने र कम प्रतिशत मतदान गराएर वैद्यताको प्रश्न उठाउने रणनीति लिएको थियो, वैद्यको त्यो नीति पनि फेल भयो । यसका साथै वैद्यका सबै तुरूपहरू खेरमात्र गएनन्- अतिवादको वाढीले उनको राजनीतिक भविष्य नै अन्धकार हुन पुगेको छ ।

तथापि संविधान निर्माण गर्दा उनको राजनीतिक सहभागिता जरूरी छ । त्यसो हुँदा संविधान विवादित हुने छैन । संविधान सर्वमान्य हुनेछ । त्यसैले वैद्यको प्रलापलाई सकारात्मक रूपमा लिनु उत्तम हुने ठानिएको छ ।

## एकल जातीय...

नेपाली जनता र विश्वजनमतले अस्वीकार गरिदिएको छ । साथै एमाओवादी आग्रहलाई निर्वाचन आयोगले समेत खारेज गरेर मतगणना कार्यलाई निरन्तरता दिइरहेको अवस्था छ ।

यो निर्वँचनको अन्तिम परिणाम आउदासम्म यो निर्वाचनले हिन्दूराष्ट्र, राट्रिय एकता र संवैधानिक राजतन्त्रलाई समेत आवश्यक छ भन्ने जनादेश दिने निश्चित स्थिति देखिएको छ । परम्परावादीशक्ति र निषेध गरिएका ३३ दललाई समसमेटेर लैजानुपर्ने जनादेशको संकेतलाई विजयलहर पछ्याइरहेका कांग्रेस, एमालेले आवश्यकता देखिसकेका छन् । ठूला नेताहरूले अभिव्यक्ति पनि दिएका छन् कि सबैलाई समेटेर लैजाने प्रयास गरिनेछ । जनादेशविरूद्ध एमाओवादी पनि जाने छैन भन्ने विश्वास कांग्रेस एमालेले लिएका छन् । अव हेर्नुछ, जनताबाट दण्डित भएका एमाओवादी नेतृत्व र पार्टीले जनमतको कुन तरिकाले सम्मान गरेर आफूलाई लोकतन्त्रवादी हुं भनेर प्रमाणित गर्नेछन् ।

## नेपाली...

राजनीतिकर्मी र सरकार कुन हदसम्मको नागरिक दायित्वबाट च्यूत छन् भन्ने खुलासा समेत हुन पुगेको छ ।

वीवीसीले खबर दिएको छ- नेपाली श्रमिकलाई ज्याला दिइन्न । तिनको पासपोर्ट खोसेर दास बनाइएको छ । पशुसरह काम लगाइन्छ । तिनको मानवअधिकार हनन् भइरहेको छ । यस्तै रिपोर्ट एम्नेस्टीले पनि सार्वजनिक गरेको छ । लाग्छ - कतारमा नेपालीमाथि होइन नेपालमाथि दुर्व्यवहार भइरहेको छ ।

## त्रिभुवन...

झण्डै ५० करोड अमेरिकी डलर अर्थात् नेपाली रूपैयाँ ५० अर्बसम्म खर्च हुने अनुमान लगानी बोर्डले गरेको छ । यति ठूलो रकम नेपाल सरकार र नेपाली लगानीकर्ताले लगानी गर्न नसक्ने भएको हुनाले नै विदेशीलाई दिन लागिएको बताइएको छ ।

विमानस्थल व्यवस्थापनमा दक्षता हासिल गरेका भारतीय, जर्मनी, अष्ट्रेलियन, मलेसियन, टर्किस र सिंगापुरसहितका अन्य केही कम्पनीहरूले इच्छा समेत देखाइसकेका छन् । व्यवस्थापन निर्माण सञ्चालन र स्वामित्व हस्तान्तरण बुट मोडलमा दिने तयारी लगानी बोर्डले गरेको छ । त्यसका लागि अध्ययन गर्न त्रिभुनव विमानस्थल स्तररोत्तर सुधार तथा कार्यदल समेत गठन भएको छ । लागनी बोर्डका सहसचिव मुकुन्द पौडेल त्यसका संयोजक रहेका छन् सात सदस्यीय कार्यदलका सदस्यहरूमा बोर्डकै सल्लाहकार सञ्जय पौडेललाई सदस्यसचिवको जिम्मेवारी दिइएको छ । अन्यमा त्रिभुवन विमानस्थलका महाप्रबन्धक दिनेश प्रसाद श्रेष्ठ, पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने, त्रिभुवन विमानस्थल सुधार आयोगनाका प्रमुख पुष्पराज शाक्य र अर्थ र कानुन मन्त्रालयका एक एक जना प्रतिनिधि रहेका छन् ।

अहिले सो कार्यदलले आफ्नो अध्ययन र विश्लेषणलाई अन्तिम चरणमा पुऱ्याएको छ । कार्यदलले समेत २५ देखि ३० वर्षसम्म विदेशीलाई दिनुपर्ने सुझाव दिनसक्ने एक प्रतिनिधिले बताएका छन् । सबै व्यवस्थापन जिम्मा दिएपनि टावर, अध्यागमन, भन्सार र सुरक्षा व्यवस्थापन भने नेपाल सरकारकै मातहतमा राख्ने एक सदस्यले बताएका छन् । अहिले उडानबाट नेपाललाई घाटा भइरहेको बताएपनि एउटा मात्र अन्तर्राष्ट्रिय विमानस्थल समेत विदेशीलाई सुम्पनु नेपाल र नेपाली जनताको लागि दुर्भाग्यको विषय हो ।

## सानालाई...

समानुपातिकबाट उम्मेदवार बनाएको थियो । तर निर्वाचन आयोगले अन्तिम अदालतबाट सजाय पाएका व्यक्ति उम्मेदवार हुन नसक्ने भन्दै समानुपातिक सिटबाट हटाएको थियो । यसरी दलहरूले आफ्नो स्वार्थसिद्ध नभएको खण्डमा अदलतका आदेशहरू उल्लंघन गर्ने र स्वार्थसिद्ध भएमात्र त्यसका आदेशहरू पलना गर्ने प्रवृत्तिले गर्दा अदालत नै कमजोर भएको र कानुननी राज्यको उपहास भएको किन नभन्ने ?

नेकपा-माओवादी अध्यक्ष मोहन वैद्यले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी अहिले पनि सर्वोच्च अदालतको प्रधानन्यायाधीश नै रहेको हुनाले न्यायपालिका स्वतन्त्र नभएको र रेग्मीकै छायाँमा परेर अदालतले बन्द्हड्ताल फिर्ता लिन आग्रह गरेको हुनाले आफ्नो दलले अदालतको आदेश स्वीकार नगरेको भन्दै चार दलीय सिन्डिकेटको आदेश मान्न आफूहरू बाध्य नभएको बताउँदै अदालतको आदेश उल्लंघन गर्नुले नेपालमा ठूलालाई चैन सानालाई ऐन उखान यहाँ लागू भएको छ ।

केही समय पहिला खिलराज रेग्मीविरूद्ध सर्वोच्च अदालतमा दर्ता भएका रिट निवेदनहरू सर्वोच्चले कुनै छलफल र बहसै नगरी एकैचोटी १७ वटा रिट निवदेनहरू खारेज गरिदिएपछि अदालतप्रति जनताको अविश्वास बढ्न थालेको हुनाले अब दलहरू र सरकारले नै अदालतको गरिमा र स्वतन्त्रता बढाउनेतर्फ नलाग्ने हो भने गरिब नेपाली जनताले मात्र अदालतका आदेशहरू स्वीकार गर्नु पर्दछ भन्नु नेपाली जनताको अपमान र सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अपहेलना बाहेक अन्य केही हुनसक्दैन ।

## मतगणना...

गर्ने काम भयो, अहिलेको निर्वाचन परिणाम पनि त्रिशंकु हुने कारणले त्यस्तै हुने त होइन भन्ने आशंका विश्लेषकहरूको छ । निर्वाचनको मतगणना भइरहेको छ र मतदाताले देखाएको रूझान अनुसार फेरि पनि जनताले मिलेर जाउ, सहमति र सहकार्यमा अघि बढ भन्ने नै जनादेश आउने अनुमान गरिएको छ । र, राजनीतिक दलहरूमा यति धेरै तिक्कता बढेको छ र ३३ दल वार्ता र सहमतिको ढोका खोलेर संविधानमा आफ्नो पनि स्थान खोजिरहेको छ । यो अवस्थामा निर्वाचित दलहरूले उदारता देखाएनन भने, अहंकार त्यागेनन् भने जुन दुर्भाग्यपूर्ण सत्ताको दुरूपयोग, भाग शान्ति जननेपाल र अनैतिकताले हिजोका दिनमा नेतृत्व असफल भयो- भोलि पनि त्यस्तै हुने आशंका निर्वाचनको परिणाम नआउँदै बढ्न थालेको छ ।

## आफुहरूले...

रूपमा बहिष्कार गर्न जनतालाई आग्रह गरेका भएपनि वैद्यको आव्हान विपरित जनताले मतदान गरेका छन् । वैद्यले जारी गरेको वक्तव्यमा आफूहरूलाई आतंककारी परिभाषित गर्न खोजेको भन्दै त्यसप्रति कडा आपत्ति जनाएका छन् । कतिपय देशीविदेशी प्रतिगामी शक्तिहरूले हाम्रो शान्तिपूर्ण आन्दोलनलाई बद्नाम गराउन आतंककारी परिभाषित गर्दै मुलुकलाई थप संकटमा पार्ने र दमन गर्न खोजिरहेको भन्दै राष्ट्रघाती र जनविरोधी शक्तिहरूले हाम्रो आन्दोलनलाई बद्नाम गराउन हिंसात्मक घटना गराएको आरोप समेत लगाएका छन् ।

वैद्यले जारी गरेको प्रेस वक्तव्यमा चक्काजाम अवज्ञा गर्दा भएका घटनाबाट आफू दुःखी भएको उल्लेख गरिएको छ । राज्यले असहिष्णुतापूर्वक शक्ति प्रयोग गरेर दमन हस्तक्षेप गर्दै आतंक मच्चाएको आरोप वैद्यले लगाएका छन् । राज्यशक्तिको दुरूपयोग गर्दै चक्काजामको अवज्ञा गरिएको वैद्यको ठहर रहेको छ । राज्यशक्तिको दुरूपयोगका कारण कतिपय घटना भएका छन्, त्यस्ता घटनाप्रति आफूहरू दुखित भएको भन्दै आफूहरूले हिंसात्मक कार्यहरू नगरेको भन्दै सबै घटनाको जिम्मेवारी दलहरू र सरकारले लिनुपर्ने प्रेस वक्तव्यमा उल्लेख गरिएको छ । मुलुकभरमा भएका हिंसात्मक घटनाहरूप्रति उनले आफ्नो पार्टीले नगरेको बताए पनि पक्राउ परेका व्यक्तिहरू नेकपा-माओवादीकै कार्यकर्ता भएका हुनाले वैद्यको प्रेस वक्तव्यमा उल्लेख गरिएका कुराहरू पत्याउन सक्ने आधारहरू छैनन् ।

## निर्वाचन...

निर्वाचन आचारसंहिताले छोयो न त सरकारलाई नै । निर्वाचन आचारसंहितामा सरकारी कोषबाट तलबभत्ता खाने व्यक्तिले कसैको वा कुनै पार्टीको लागी भोट माग्न र प्रचारप्रसार गर्न पाइँदैन भन्ने उल्लेख गरेको भए पनि कतिपय सरकारी कर्मचारीहरू खुल्लमखुला पार्टीका लागि भोट माग्दै हिँडेका भए पनि त्यसलाई नियन्त्रण गर्न निर्वाचन आयोग असक्षम सावित भएको छ । त्यसको प्रमाण हो, रेडियो नेपालका उपनिर्देशक टीका भण्डारी झापामा पुगेर उद्घोष गर्दै थिए आफू रेडियो नेपालको उच्च पदमा रहे पनि आफूले मन पराएको पार्टी नेकपा एमालेलाई भोट माग्दै गीत गाउन व्यस्त देखिन्थे । के उनले निर्वाचन आचारसंहिता पालना गरे त ? निर्वाचन आयोगमा समेत पदाधिकारीहरू ठूला दलकै सिफारिसमा नियुक्त भएका र उनीहरूलेसमेत आ-आफ्नो पार्टीको स्वार्थअनुसार निर्वाचन आचारसंहिता व्याख्या गरेका हुनाले निर्वाचन आचारसंहिता ठूला दलका लागि देखाउने दाँत मात्र भएका थिए ।

## माग बढे पनि मलेसियामा नेपाली कामदारले फाइदा पाएनन्

काठमाडौं । मलेसियामा सेक्युरिटी गार्डमा नेपाली कामदारको माग ठूलो हुँदा त्यसबाट नेपाली कामदारले लाभ पाउन सकेका छैनन् । नेपाली मेनपावर कम्पनीका बीचमा पछिल्लो समय देखिएको अस्वस्थ्य प्रतिस्पर्धाका कारण कामदारले फाइदा लिन नसकेको हो ।

व्यवसायीले सरकार संविधानसभा निर्वाचनमा बढी केन्द्रित भएकाले मलेसियाको रोजगारमा सहजीकरण हुन नसकेको बताउँछन् । मेनपावर कम्पनीका बीच अस्वस्थ्य प्रतिस्पर्धा नहुने हो भने मलेसियाको सेक्युरिटी गार्डमा हवाई टिकट र सामान्य सेवा शुल्कमा नै कामदार पठाउन सकिने अवस्था छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष बलबहादुर तामाङले मलेसियामा सस्तो रकममा सेक्युरिटी गार्डमा पठाउन नसकिएको स्वीकार गरे । 'व्यवसायीमा चर्को अस्वस्थ्य प्रतिस्पर्धा हटाउन आवश्यक छ,' उनले भने, 'सेक्युरिटी गार्डमा नेपाली कामदारको माग उच्च हुँदा पनि लागत घटाउन समस्या परिरहेको छ ।

सरकारले मलेसियाको रोजगारमा एक कामदारसँग शीर्षक छोट्याएर मात्र ८० हजार रूपैयाँ लिन नपाउने व्यवस्था गरेको छ । मलेसियाको रोजगारमा नेपालका मेनपावर एजेन्सीले त्यहाँको एजेन्टलाई बढी रकम दिन डाँक बढाबढ नै गर्न थालेपछि समस्या विकराल हुन थालेको हो । मलेसियामा कामदार पठाउँदै आएका पायनियर मेनपावरका प्रबन्ध निर्देशक सुकबहादुर गुरूङले सेक्युरिटी गार्डका लागि प्रतिकामदार तीन हजार पाँच सयदेखि चार हजार मलेसियन रिंगेटसम्म कमिसन त्यहाँको एजेन्टलाई दिन थालेपछि समस्या उत्पन्न भएको जिकिर गरे । 'व्यवसायीमा अस्वस्थ्य प्रतिस्पर्धा नियन्त्रण गर्न सकेमा एजेन्ट कमिसन एकतिहाईमा सहजै ल्याउन सकिन्छ,' उनले भने, 'सरकारले पनि वातावरण निर्माणमा ध्यान दिएन ।' उनले व्यावसायिक नेतृत्वमा कमजोरी देखिएपछि व्यावसायिक आचारसंहिता र मर्यादाको पनि ख्याल हुन छोडेको गुनासो गरे । मलेसियामा सेक्युरिटी गार्डमा सरकारले निर्धारण गर्ने शुल्कमा भन्दा कममा नै कामदार पठाउन सकिने अवस्था रहँदा डाँक बढाबढले गर्दा सरकारले तोकेको भन्दा बढी पैसा मेनपावर कम्पनीले असुलिरहेका छन् ।

## आयल निगमलाई कात्तिकमा ४ अर्ब ऋण

काठमाडौं । सरकार जमानी बसेर आयल निगमलाई कात्तिक महिनामा मात्रै ४ अर्ब रूपैयाँ ऋण उपलब्ध गराएको छ । निगमको प्रस्ताव स्वीकार गर्दै सरकारले थप १ अर्ब ५० करोड रूपैयाँ ऋण चुनावलगत्तै दिंदै छ ।

किनेको भन्दा बढी मूल्यमा तेल बिक्री गरे पनि उच्च लागत दरका कारण निमगले बजारमा तेल बिक्री गरेर पछिल्लो १० वर्षदेखि नाफा कमाउन सकेको छैन । तेलको व्यापारबाट मुनाफा गर्ने उद्देश्य स्थापित निगम त्यसविपरीत पछिल्लो १० वर्षमा ३४ अर्ब १ करोड १० लाख रूपैयाँ नोक्सानमा गइसकेको छ ।

निगमले नोक्सानीको भार थेग्न नसकी तेल आपूर्ति गर्न पछिल्लो समय सरकारबाट ऋण लिंदै आएको हो । कात्तिक महिनामा मात्रै सरकार आफैं जमानी बसिदिएर कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट निगमलाई २/२ अर्ब ऋण उपलब्ध गराएको र चुनावलगत्तै सञ्चय कोषबाट १ अर्ब र नागरिक लगानी कोषबाट ५० करोड रूपैयाँ थप ऋण रकम उपलब्ध गराइदिने सरकारले प्रतिबद्धता जनाइसकेको निगम सञ्चालक समिति सदस्य दीपक सुवेदीले जानकारी दिए ।

'कात्तिकमा २ चरण गरेर निगमलाई सरकारले नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषबाट ४ अर्ब रूपैयाँ ऋण मिलाइदिएको छ,' वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्तासमेत रहेका सुवेदीले भने, 'थप १ सय ५० करोड रूपैयाँ ऋण पनि चुनावलगत्तै उपलब्ध गराइदिने प्रतिबद्धता आइसकेको छ ।'

निगमले एकै महिना ४ अर्ब रूपैयाँ मागेको र पाएको पहिलोपटक हो । यसअघि निगमले ऋण रकम माग गरेको झन्डै एक महिनामा मात्रै पाउने/नपाउने निश्चित हुने गरेकोमा यसपट सरकारले चुनावको संवेदनशीलतालाई ख्याल गर्दै चाँडै निर्णय दिएको निगम अधिकारी बताउँछन् । यद्यपि निगमले चुनावलाई पेट्रोलियम पदार्थ अभाव नहुने यसअघि नै स्पष्ट पारेको छ । निगमले २ दिनअघि मात्रै दिनसम्म पुग्ने गरी १९ हजार किलोलिटर तेल मौज्दात गरेको जनाएको छ ।

निगमले २ चरणमा गरेर लिएको ४ अर्ब रूपैयाँ ऋण रकमले भारतीय आयल निगम (आइओसी)सँगको बक्यौता राफसाफ गरेको जनाएको छ । निगमप्रवक्ता मुकुन्द घिमिरेले सरकारबाट ऋणबापत लिएको ४ अर्ब र तेल बिक्रीबाट उठेको रकम संकलन गरेर आइओसीको सम्पूर्ण बक्यौता भुक्तानी गरेको जानकारी दिए ।

## वैद्यलाई आतंककारी विल्ला

काठमाडौं । कार्तिक २५ गतेको आम हड्ताल र त्यसपछिको यातायात तथा निर्वाचनका दिन भएको बम आतंकले बालक, सवारी चालक, आमजनता शिकार भएपछि मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले अतिवादीलाई नछाडिने बताएका छन् भने प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले वैद्यलाई आतंकारी नै घोषणा गरेका छन् । गृहमन्त्री माधवप्रसाद घिमिरेले बम आतंकमा वैद्यका कार्यकर्ता पक्राउ परेका र तिनले नेकपा-माओवादीको नेतृत्वलाई पोलेकोले अनुसन्धान अघि बढेको र प्रमाण पाउनासाथ जो कसैलाई पक्रने जवाफ दिएका थिए । निर्वाचन सम्पन्न हुनासाथ मंसिर ५ गते विहानै वैद्यले वन्दसहितका बहिष्कारका सबै कार्यक्रम फिर्ता लिँदै संविधान निर्माण गर्दा वार्ता र सहमतिका आधारको अवलम्बन गर्न आह्वान गरेका छन् । वर्तमान सरकार र अब बन्ने निर्वाचित सरकारले वैद्यसहित ३३ दललाई आतंककारी गतिविधिमा कारबाही गर्छ कि संविधान निर्माणमा राजनीतिक सहमति गरेर अघि बढ्छ, त्यो भावी नेपालको स्थिरताका सम्बन्धमा महत्वपूर्ण सवाल बन्न पुगेको छ ।


आफ्नो क्षमताको पहिचान गरौं र देश निर्माणको लागि यसको उपयोग गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार